मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

सूचना

संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २४ ◆ अङ्क : २४३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन ४ गते शनिबार (Saturday, July 20. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

आरक्षण कटौतीविरुद्ध प्रदेश बन्द घोषणा

बिर्तामोड, साउन ३। संविधानले व्यवस्था गरेको लोकसेवा आयोगको आरक्षण कोटा कटौती गरेको भन्दै नेपाल आदिवासी जनजाति महासंघ झापाले शनिवार (आज) प्रदेश नं. १ बन्दको घोषणा गरेको छ।

लोकसेवा आयोगले स्थानीय तह र प्रदेशका लागि ९ हजार एकसय २६ जना निजामती कर्मचारीका लागि आव्हान गरेको विज्ञापनमा आरक्षण ४५ प्रतिशत हुनु पर्नेमा २३ प्रतिशत मात्र राखिएको प्रति महासंघले आपत्ति जनाउँदै प्रदेश बन्दको आव्हान गरेको हो।

महासंघले सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित र लोकसेवा आयोगका अध्यक्ष उमेश मैनालीको शुक्रवार बेलुका बिर्तामोडको मुक्तिचोकमा पुत्ला दहन गरेको छ। 'सरकारले नै संविधान उल्लङ्घन गरेको छ' - महासंघका पूर्वअध्यक्ष प्रेम घिसिङले भने 'नभए संविधानमा व्यवस्था गरिएका कुराहरु दिनुपर्छ।' सरकारले नै आरक्षण कटौती गरेकाले बाध्य भएर आन्दोलन गरेको घिसिङले बताए।

महासंघका अध्यक्ष भरतकुमार श्रेष्ठले जनजाति, आदिवासी, मुस्लिम, दलितलगायत ५९ वटा जातीय संघ/संगठनको यस आन्दोलनमा ऐक्यवद्धता रहेको बताए।

शुक्रबार बिर्तामोडमा पत्रकार सम्मेलन गर्दै बन्दलाई सफल बनाउन सहयोग गरिदिन आग्रह गरिएको थियो। कार्यक्रममा संघीय लिम्बुवान मञ्च नेपाल झापाका अध्यक्ष धनबहादुर पन्धाक, झापाका सचिव वीरेन मेचेलगायतको उपस्थिति रहेको थियो।

'नासु' बढी भ्रष्ट, गृहका धेरै घुस्याहा

काठमाडौं, साउन ३। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजामती सेवातर्फ पाँचौ तहका कर्मचारी भ्रष्टाचारमा बढी संलग्न रहेको तथ्य सार्वजनिक गरेको छ।

त्यसमा पनि भ्रष्टाचारको आरोपमा रंङ्गेहात पक्राउ पर्नेमा गृह प्रशासनतर्फका कर्मचारी बढी छन् । आयोगले शुक्रवार पत्रकार सम्मेलन गर्दै नायब सुब्बा तथा सो सरहका कर्मचारी त्यसमा पनि गृह प्रशासनका भ्रष्टाचारमा बढी संलग्न रहेको तथ्याङ्क सार्वजनिक गरेको हो। गत आर्थिक वर्ष भ्रष्टाचारको आरोपमा रंगेहात पक्राउ पर्ने १ सय ६१ कर्मचारी मध्ये ४७ जना नासु मात्र थिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७५/०७६ मा घुस लिँदालिँदै पक्राउ गरेको कर्मचारीको तथ्याङ्कका आधारमा सो निष्कर्ष निकालिएको हो।

गृह प्रशासनतर्फका २७ निकायमा घुस लिएको अभियोगमा कर्मचारी पक्राउ परेका छन् । यस्तै दोस्रोमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय छ। सो मन्त्रालयका २६ कर्मचारी घुस लिँदै गरेको अवस्थामा पक्राउ परेका छन्। सो आव अवधिभरी भूमि व्यवस्थाका २२, वन

वातावरणका ११, ऊर्जा जलस्रोत तथा सिँचाइका नौ, शिक्षा विज्ञान प्रविधिका आठ, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था र कानून न्यायका समान सात/सात कर्मचारी घुस लिँदै गर्दा पक्राउ परेका थिए।

आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार अर्थका पाँच, उद्योग वाणिज्य तथा आपूर्तिका चार, कृषि विकासका तीन, स्वास्थ्यका तीन, श्रमका दुई, अख्तियार, शहरी विकास, खानेपानी मन्त्रालयका समान एक/एक कर्मचारी घुस लिँदै गर्दा पक्राउ परेका थिए। यस्तै अन्य निकायका पाँच कर्मचारीलाई समेत आयोगले घुस लिँदै गर्दा पक्राउ गरेको छ।

प्रवक्ता कोइरालाले भने -एक दिन बिराएर एक जना राष्ट्रसेवक घुस लिएको अभियोगमा रङ्गेहात पक्राउ परेका छन्। कूल १४२ स्थानमा २०० कर्मचारीलाई घुस लिँदै गर्दा पक्राउ परेका थिए। उनका अनुसार विशिष्ट श्रेणीका दुई, सहसचिव वा सो सरहका दुई, उपसचिव वा सो सरहका १०, शाखा अधिकृत ३२, नायब सुब्बा वा सो सरहका ४७, खरिदार वा सो सरहका २९, तल्ला तहका कर्मचारी १५, कार्यालय सहयोगी १५ पक्राउ परेका छन्। यस्तै निर्वाचित पदाधिकारी सात र बिचौलियालगायत अन्य ३२ जनालाई आयोगले पक्राउ गरेको छ।

यस्तै आयोगले आव २०७५/०७६ मा निर्णय भएका ३५१ एवम् गत आवमा निर्णय भएका छ गरी जम्मा ३५७ मुद्दा विशेष अदालतमा दायर गरेको छ। विशेष अदालतमा दायर गरिएका मुद्दामध्ये ८८.५

(बाँकी अन्तिम पृष्ठमा)

सेवाग्राहीको भेषमा कर्मचारी परिचालन

झापा,साउन ३। आयोगले सेवाग्राहीको बढी भीड हुने सरकारी निकायमा सेवाग्राहीकै भेषमा सुराकी परिचालन गरेको छ।

आयोगको सोही रणनीतिले सफलता हासिल भएको आयोगले दावी गरेको छ। सार्वजनिक विकास निर्माण जस्तै सेवाप्रवाहको क्षेत्रमा पनि सुधारका लागि सूक्ष्म निगरानी तथा द्रुत कारवाहीलाई अभियानात्मक रुपमा कर्मचारी परिचालन गरेको प्रवक्ता कोइरालाले जानकारी

(बाँकी अन्तिम पृष्ठमा)

होटलमा बस्न अब परिचय पत्र अनिवार्य

कर्मचारीलाई ड्रेस कोर्ड, सबै होटलको नियमन

बिर्तामोड,साउन ३। होटलमा आपराधिक गतिविधि बढ्दा शान्ति सुरक्षामा असर पर्ने भन्दै जिल्ला प्रहरी कार्यालय झापाले जिल्लामा सञ्चालित होटलहरुलाई ग्राहकको परिचय पत्र अनिवार्य राख्न निर्देशन दिएको छ।

आपराधिक मानसिकता भएका व्यक्ति होटलमा बस्ने र शान्तिसुरक्षामा चुनौति थपिएको भन्दै प्रहरीले कडाइ गरेको हो। होटलमा यौनजन्य गतिविधि बढेको र शान्ति सुरक्षामा चुनौति थपिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले बताए। उनले भने - हाम्रो संगठनले कहीं कतै गल्ती गरेको भए खबर गर्नुहोस्, त्यस्ता व्यक्तिलाई तुरुन्त कारवाही गर्छु। तर, होटलमा अनैतिक रुपमा यौनजन्य गतिविधि (यौन धन्दा) चलाउनेलाई छाड्दिन। बिर्तामोडका होटल व्यवसायीहरुलाई शान्ति सुरक्षा र यौनजन्य गतिविधिका कारण समाजमा पर्ने असरका बारेमा जानकारी गराउँदै कानूनले वर्जित गरेको कार्य गर्ने जो कोहीलाई पनि प्रहरीले कार्वाही गर्ने प्रहरी उपरीक्षक मैनालीले बताए।

(बाँकी अन्तिम पृष्ठमा)

वैदेशिक रोजगारीमा ठगी र विकृति

भारत लैजाने ३ पक्राउ ११ जनाको उद्धार

झापा, साउन ३ । रोजगारीको प्रलोभन देखाई भारततर्फ लैजाँदै गरेको अवस्थामा मोरङ उर्लाबारी नगरपालिका-४ बस्ने २६ वर्षीय करन लिम्बूसहित ११ जनालाई बिहीबार राति प्रहरीले उद्धार गरेको छ।

उनीहरुलाई भारततर्फ लैजाने कार्यमा संलग्न मोरङ उर्लाबारी नगरपालिका-४ बस्ने ४८ वर्षीय फुर्का उराउ, ४५ वर्षीया फूलकुमारी उराउ र सुनसरी हरिनग्रा गाउँपालिका-७ बस्ने ४० वर्षीय हफिज अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त स्थानमा विभिन्न प्रलोभनमा पारी केही व्यक्तिहरूलाई भारततर्फ लाँदै गरेको भन्ने जानकारी प्राप्त हुनासाथ खटिएको प्रहरीले उनीहरुको उद्धार गरी अभियुक्तहरुलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको बताइएको छ।

केन्याको डान्सबारमा पक्राउ परेका १२ महिलाको उद्धार

झापा, साउन ३ । *वैदेशिक रोजगारीको सिलसिलामा अफ्रिकी मुलुक केन्या पुगेका १२ जना नेपाली महिलाहरुलाई उद्धार गरी नेपाल ल्याई आफन्तको जिम्मा लगाइएको छ।*

ती महिलाहरु केन्यामा पक्राउ परेको भन्ने विभिन्न पत्रपत्रिका र सामाजिक सञ्जालमार्फत समाचार आएपछि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहलले निरन्तर फलोअप गरी केन्यास्थित गैरआवासीय राजनीतिक मिसन, दक्षिण अफ्रिकास्थित नेपाली दूतावास, डिरेक्टोरेट अफ क्रिमिनल इन्भेस्टिगेशन केन्या लगायत अन्य संघसंस्थाको सहकार्यमा अन्तर्राष्ट्रिय आप्रवासी संस्थाको सहयोगमा उनीहरुलाई नेपाल ल्याइएको हो।

उनीहरु विभिन्न मितिमा भारत हुँदै केन्या पुगेको खुल्न आएको र केन्याको मुम्बासा शहरस्थित रङ्गीला डान्सबारमा केन्या प्रहरीले छापा मारी डान्सबारका मालिक लगायतलाई पक्राउ गरेको अवस्थामा उद्धार गरी नेपाल

(बाँकी अन्तिम पृष्ठमा)

पूजादेवी मेडिसिन सेन्टर सुरुङगाको विशेष सेवा

☞ वरिष्ठ लिभर, पेट, ग्याष्टिक, अल्सर, जण्डिस, हेपाटाइटिस, मुटुरोग विशेषज्ञ
- दैनिक विराटनगरबाट
☞ वरिष्ठ हाडजोर्नी, नशा तथा बाथरोग विशेषज्ञ : **हरेक शनिवार १ बजेदेखि**
☞ नवजात शिशु तथा बालरोग विशेषज्ञ : **- दैनिक विराटनगरबाट**
☞ वरिष्ठ मानिसक, नसा तथा मनोरोग विशेषज्ञ
यसपटक साउन २२ गते बुधवार काठमाडौंबाट
☞ आधुनिक एनलाइजर सहित प्याथोलोजी (Lab) सेवा
☞ थाइराइड (Thyroid Test) सेवा ☞ निःशुल्क सुगर परीक्षण
☞ २४ सै घण्टा फार्मेसी सेवा + H.A. द्वारा आपतकालीन सेवा
मौकाको फाइदा उठाउनुहोला ।
अब मात्र Whole Body Checkup - Health profile **मात्र २९००/-**
Thyroid Test **मात्र ५५०/-**

पूजादेवी मेडिसिन सेन्टर
धनुषकोटी रोड (१०० मि. हाइवेबाट उत्तर) वरफ फ्याक्ट्री छेऊ
फोन : ०२३-५५०७१०/९८०४९६२०००

फ्ल्याट भाडामा छ

बिर्तामोडको भद्रपुर रोडस्थित NIC Asia बैंक अगाडि हिरो शो-रुम भएको घरको दोस्रो तल्ला ४५० स्क्वायर फुट क्षेत्रफल भएको, सहकारी, इन्स्योरेन्स लगायत अफिसका लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्क : ०२३-५४३२४८ /९८०४९९९६९५

NIDI SECONDARY SCHOOL

Indreni Campus
Admission Open
+2 Science, Management & Humanities

Salient Features
- Managed by the established team of academicians.
- Quality education at affordable fee.
- Well equipped modern building with science lab, computer lab and classrooms with CC cameras.
- Accessible Transport services.
- Strict preservation of discipline.
- Science excursion tour.
- Attractive scholarship scheme.
- Industrial Visit to Management students.
- Extra Class
- Excellent result (in +2 & BBS Level)

Entrance Date : For Science Ashar 28 Saturday at 10:00 A.M.

Run & Managed by SCIENCE BLOCK TEAM
For Details : NIDI SECONDARY SCHOOL/ INDRENI CAMPUS
Birtamde-2, Ramchowk, Contact : 023-544412/ 546044/ 9852673088/ 9852689000

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

SLCर SEE उत्तीर्ण विद्यार्थीहरुलाई सुवर्ण अवसर
कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि
डिप्लोमा प्रमाण पत्र तहका ३ वर्षे कार्यक्रमहरु :-
☞ नर्सिङ्ग
☞ ल्याब टेक्निसीयन
☞ रेडियोग्राफी

फारम पाइने स्थान:- कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि हेवन वाटर पार्क, बिर्तामोड,झापा
फारम वितरण मिति : २०७६ असार २२ देखि २०७६ साउन १२ गतेसम्म ।

प्रवेश परीक्षा हुने मिति : २०७६ श्रावण २२ गते
आवश्यक शैक्षिक योग्यता : S.L.Cर S.E.E उत्तीर्ण (ग्रेडिङ प्रणालीको हकमा न्यूनतम् GPA 2 प्राप्त गरेको हुनुपर्छ ।)

सम्पर्क : **कञ्चनजङ्गा अफ हेल्थ साइन्सेस प्रालि**
हेवन वाटर पार्क - बिर्तामोड -२, झापा
९८४९०४८३६५, ९८१५९७८४१७
९८१७०९०३६७ , ९८६२७४७९७८

Scholarship ! Scholarship !! Scholarship !!!

Dear **SEE** appeared students
Doing **10+2** in
Hotel Management ?

HURRY UP !!
Book your seat now for an interview

GET **50%** **Scholarship** in Monthly Fees for **60 Students** (Limited time Offer)

Note: This **scholarship** has been sponsored by one of the **top university in India** for the **Nepali students** studying in Birtamode.

For more information about interview and details:
Rohini Birtamode Branch | Birtamode Jhapa, Nepal | 023-542692 9852674340 9815092021

करातें प्रशिक्षक टेक्निकल सेमिनार

बिर्तामोड, साउन ३। झापाको बिर्तामोडमा शुक्रबारबाट करातें प्रशिक्षक टेक्निकल सेमिनार शुरु भएको छ।

झापा जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको सेमिनार ५ गते आइतवारसम्म सञ्चालन हुने बताइएको छ। करातें खेलका नियमहरु विभिन्न समयमा परिमार्जन भइरहेकाले उक्त नियमको जानकारी गराउन तथा काता र कुमुते जस्ता प्राविधिक प्रदर्शनीहरुलाई समयानुकूल बनाउन टेक्निकल सेमिनार गरिएको उपाध्यक्ष प्रशान्त भण्डारीले बताए।

समर क्याम्पमा ब्राउन बेल्ट थर्ड क्यूदेखि ब्ल्याक बेल्टसम्मका १५० जना खेलाडीले भाग लिएका छन्। झापामा हाल ५० वटा डोजोमार्फत् ६ हजार हाराहारी खेलाडीले प्रशिक्षण लिइरहेको जनाइएको छ। खेल क्षेत्रमध्ये राम्रो सम्भावना बोकेको करातेको क्षेत्रमा झापाका खेलाडीहरुले उत्कृष्ट प्रर्दशन गर्दै आएको बताइएको छ।

बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतरा प्रसाईंले सेमिनारको उद्घाटन गर्दै खेल क्षेत्रले देशको नाम संसारभर चिनाउन सफल भएको बताइन्। खेलकुदमा लागेका मानिस अनुशासित हुने, स्वस्थ्य बन्ने एवम् आत्मरक्षाका लागि सबल रहने भएकाले खेलकुदको क्षेत्रमा विकास गर्न सकियो भने पक्कै पनि राष्ट्र विकासमा सहयोग पुग्ने उनको भनाइ थियो। उनले नगरको तर्फबाट खेल क्षेत्रलाई गर्ने सहयोगमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाइन्।

खेलकुद विकास समितिका शंकर थापाको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी हर्कलाल गिरी, झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङ, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई लगायतले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरे। उनीहरुले करातें खेलको विकासका लागि आ-आफ्नो ठाँउबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका थिए।

कार्यक्रममा समाजसेवी राजकुमार पोखेल, दीपेन्द्र पोखेल, नेपाल रेडक्रस सोसाईटी उपशाखा बिर्तामोडका सभापति सजेश शिवाकोटी, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख डीएसपी मोहन थापा, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख होमप्रसाद अधिकारी, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी लगायतका विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।

सेमिनार उद्घाटनका क्रममा सहभागी खेलाडीहरुले करातेको डेमोस्ट्रेशन शो तथा सैजा राई र दीपक श्रेष्ठले काता प्रदर्शन गरेका थिए। कार्यक्रममा स्वागत उपाध्यक्ष भेषराज भण्डारी(प्रशान्त) र सञ्चालन कार्यालय प्रमुख टहलदास मैनालीले गरेका थिए।

बिर्तामोड नगरबाट सञ्चार माध्यमलाई लोककल्याणकारी बिज्ञापन

बिर्तामोड, साउन ३। बिर्तामोड नगरपालिकाले सूचना तथा सञ्चार क्षेत्रको प्रवर्द्धनका लागि छुट्टै नीति पारित गरेको छ। आर्थिक वर्ष २०७६/२०७७ को नीति कार्यक्रम अन्तर्गत सूचना तथा सञ्चार क्षेत्रको नीति पारित गरिएको हो। यसबाट बिर्तामोड नगरपालिका सञ्चारमैत्री बन्ने देखिएको छ।

बिर्तामोड नगरपालिका विना भेदभाव, समानुपातिक र सन्तुलित रुपमा सञ्चार क्षेत्रको प्रबर्द्धन र विकासमा सदैव प्रतिबद्ध रहने नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले बताए।

यसैक्रममा सञ्चार क्षेत्रको दीर्घकालीन हित र सम्बर्द्धनका लागि सूचना तथा सञ्चार कार्यविधि २०७५ बनाई लागू गरिसकेको जनाउँदै उनले सो कार्यविधिले समेटेका बिषयहरुमा नगरबाट प्रकाशन, प्रशारण हुने पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरुको विकास र प्रवर्द्धनका लागि यस बर्षदेखि बार्षिकरुपमा लोककल्याणकारी बिज्ञापन बापत अनुदान दिने नीति अगाडि सारिएको बताए।

नगरको सञ्चार नीतिमा नगरमा सूचिकृत र दर्ता भई यसै नगरमा सञ्चालन, प्रकाशन, प्रशारण भएका मिडियाहरुको उन्नतिका लागि टेलिभिजन, दैनिक, साप्ताहिक पत्रिका, एफएम, अनलाइनहरुलाई सो रकम प्रदान गरिने उल्लेख छ । यसै बर्षदेखि नगरबाट सञ्चालित सञ्चार माध्यम र सञ्चारकर्मीहरु मध्ये एउटा सञ्चार माध्यम र एकजना सञ्चारकर्मीलाई पुरस्कृत र सम्मानित गर्ने थालिएको र यसलाई निरन्तरता दिइने बताइएको छ।

बिर्तामोड नगरले पत्रकारहरुको वृत्ति विकास, तालिम र पत्रकारका संघ संगठनहरुको भौतिक तथा पूर्वाधार विकासका लागि सहयोग गर्ने नीति लिएको छ। साथै, नगरपालिकालाई सूचनामैत्री बनाउन पहल गरिने नीतिमा उल्लेख छ।

त्यसैगरी नगर क्षेत्रमा रहेका सञ्चार माध्यमहरुलाई समानुपातिक तथा सन्तुलित रुपमा आवश्यक सूचनाहरु उपलब्ध गराउन आवश्यक प्रवन्ध मिलाइने बताइएको छ।

इप्रकामा चिल्ड्रेन कर्नर र छुट्टै अनुसन्धान कक्ष

बिर्तामोड,साउन ३। इलाका प्रहरी कार्यालय अनारमनीलाई बालमैत्री बनाइएको छ।

१ नं. प्रदेश सरकारले अघि सारेको नमूना प्रहरी कार्यालय बनाउने योजना अनुसार विनियोजित बजेटबाट इलाका प्रहरी कार्यालय अनारमनीलाई बालमैत्री बनाइएको हो।

चार लाख रुपैयाँको लागतमा इलाका प्रहरी कार्यालय परिसरमा चिल्ड्रेन कर्नर निर्माण गरिएको र कर्नरको उद्घाटन जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले गरेका छन्। उक्त कर्नर सेवाग्राहीका बालबालिका, पीडित बालबालिका, प्रहरी कर्मचारीका बालबालिका तथा प्रहरी कार्यालयमा आउने अन्य जुनसुकै बालबालिकाले प्रयोग गर्न पाउने व्यवस्था गरिएको बताइएको छ।

त्यस्तै कार्यालयमा सात लाख रुपैयाँको लागतमा अनुसन्धानात्मक अन्तरवार्ता कक्ष समेत तयार पारिएको छ। जसको समेत उद्घाटन प्रहरी उपरीक्षक मैनालीले गरेका छन्।

विभिन्न मुद्दामा पक्राउ परेका अभियुक्त, प्रतिवादी तथा पीडित र साक्षी समेतलाई सोधपुछ गर्न उपयुक्त कक्ष नभएकोले सोधपुछ गर्न कठिनाई भइरहेकोले यस्तो कक्ष तयार गरिएको प्रहरी नायव उपरीक्षक मोहन थापाले बताए।

अनुसन्धान कक्षमा साउण्ड प्रुफिङ, रेकर्डिङ, सीसी क्यामेरा, एसी समेत जडान गरिएको छ।

ट्राफिक प्रहरीले गल्ती गरे तत्काल कार्वाही

काठमाडौं, साउन ३। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले गल्ती गर्ने ट्राफिक प्रहरीमाथि कडा कार्वाही गर्ने चेतावनी दिएका छन्।

प्रहरी महानिरीक्षक खनालले ट्राफिक प्रहरीले गलत काम गरे तत्काल आफूलाई खवर गर्न पनि यातायात व्यवसायीलाई आग्रह गरे। शुक्रबार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले यातायात क्षेत्रमा गलत रवैया नदेखाउन पनि ट्राफिक प्रहरीहरुलाई सचेत गराए। जनताको लागि निःशुल्क सेवा दिन बसेको प्रहरी संगठनले यातायात क्षेत्रमा कुनै पनि खालको समस्या आउन दिन नमिल्ने प्रहरी महानिरीक्षक खनालको भनाइ छ।

अनिवार्य प्यान लिनुस् : विभाग

काठमाडौं, साउन ३। आन्तरिक राजश्व विभागले व्यवसाय वा आय आर्जनमा संलग्न हुने वा अग्रीम करकट्टी गर्ने व्यक्तिले स्थायी लेखा नम्बर (प्यान) अनिवार्य रुपमा लिन आग्रह गरेको छ।

सरकारले आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमार्फत 'एक व्यक्ति, एक स्थायी लेखा नम्बर' भन्ने नीति लिएको छ। शुक्रबार सूचना जारी गर्दै विभागले उक्त नीतिको कार्यान्वयन गर्न सबैलाई लेखा नम्बर लिन भनेको हो।

सरकारले रु. एक हजारभन्दा बढीको भुक्तानीमा अनिवार्य रुपमा प्यान आवश्यक पर्ने व्यवस्था लागू गरेसँगै भुक्तानी गर्ने प्रक्रियामा सहभागी हुने सबैलाई अनिवार्य प्यान नम्बर लिन भनिएको छ।

'आइस ड्रग्स'सहित पोर्चुगलका नागरिक पक्राउ

काठमाडौं,साउन ३। पोर्चुगलका नागरिक लागूऔषध साढे चार किलो 'आइस ड्रग्स' सहित पक्राउ परेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आइस ड्रग्ससहित मेन्डिज पेरिरा टिआगो पक्राउ परेका हुन्। उनी नेपालको विमानस्थल प्रयोग गरेर जापान जान लागेका थिए।

इन्डियन एयरबाट दिल्ली हुँदै जापान जान लागेका पोर्चुगिज नागरिक राहदानी नं ७२०१२९२ बाहक २५ वर्षीय टिआगोलाई पक्राउ गरेको विमानस्थल प्रहरीले जनाएको छ।

उनले मोबाइल, पर्स र मोबाइल कभरका बट्टामा फल्स बटन बनाई आइस एम्फेटामाइन नामक ड्रग्स लैजान लागेको अवस्थामा होल्ड ब्यागेज चेकिङ एक्स-रेको माध्यमबाट बरामद भएको थियो। त्यसको मूल्य अन्तर्राष्ट्रिय बजारमा करोडौं मूल्य पर्ने बताइएको छ।

होटलमा...

शुक्रबार इलाका प्रहरी कार्यालय अनारमनीमा आयोजित कार्यक्रममा होटल व्यवसायीले लजको व्यवस्था गरेको भए अनिवार्य रुपमा परिचय पत्र राखेर मात्रै बस्न दिने नियम लागू गर्न निर्देशन दिए। उनले होटलहरुले आफ्ना कर्मचारीको परिचय खुल्ने विवरण राख्नु पर्ने भन्दै ड्रेस कोड अनिवार्य गर्न होटल व्यवसायीलाई आग्रह गरे।

जिल्लाका सबै इलाकाभित्र पर्ने होटलहरुले अनिवार्य रुपमा नजिकैको प्रहरी कार्यालयमा सबै विवरण बुझाउनु पर्ने भन्दै होटलमा शंकास्पद गतिविधि भए तत्काल प्रहरीलाई खवर गर्न आग्रह गरे। प्रहरीले व्यवसायीसँग रकम मागे तत्काल आफूलाई खबर गर्न आग्रह गर्दै प्रहरी उपरीक्षक मैनालीले भने-झापा जस्तो सचेत जिल्लामा कानून विपरीत कार्य गर्नु हुँदैन। उनले आफ्नो फोन नम्बर दिदैं प्रहरीले कुनै डर, धम्की वा असुली गरे तत्काल खबर गर्न आग्रह गरेका थिए।

होटल व्यवसायी मर्यादित भए मात्रै समाजलाई सभ्य बनाउन सकिने भन्दै उनले कानून विपरीत कार्य गरे प्रहरीले नछाड्ने चेतावनी दिए। उनले अभद्र व्यवहारको सार्वजानिक मुद्दा चलाउँछ १५ दिनपछि छुट्छु भन्ने सपना नदेख्न चेतावनीसमेत दिए।

त्यस्तै इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक मोहन थापाले होटलको मुख्य प्रवेशद्वार, काउण्टर तथा प्यासेजमा अनिवार्य सीसी क्यामेरा जडान गर्न सुझाव दिए। रातको समयमा यौनजन्य गतिविधि तथा आपराधिक घटना हुन सक्ने भएकाले सीसी क्यामेरा जडान गरेमा प्रहरीलाई अनुसन्धान गर्न सहज हुने बताए।

प्रहरीले आचार विपरीत कार्य गरे कडा कारबाही गर्ने भन्दै उनले प्रहरी यौनजन्य घटनामा संलग्न भए ऊ प्रहरी नभएर अपराधी हुने उल्लेख गरे।

उनले होटल, लज, रेष्टुरेन्टलाई नियमन नगरिए होटल लज आपराधिक क्रियाकलापको थलो बन्ने भन्दै नियमनको प्रक्रिया शुरु गरिएको बताए। उनले भने - अपराधमा सम्लग्न होटलमा बसेर पूर्व योजना बनाउने, अपराध भए पश्चात होटललाई सेल्टर बनाउने, लागूऔषध, जवरजस्ती करणी, वेश्यावृत्ति, मानव वेचविखन, बाल यौन शोषण, गुण्डागर्दी, भैभगडा जस्ता अपराध होटलमा घट्ने भएकाले नियमन जरुरी छ।

होटलले तोकिए बमोजिम ग्राहकको अभिलेख नराख्दा, सीसी क्यामेरा जडान नगर्दा होटलमा मृत फेला परेका कतिपय घटना तथा अन्य घटनामा होटल सञ्चालक जेल गएका छन् -उनले भने - पेशा व्यवसायको आवरणमा हुने कुनैपनि आपराधिक तथा अनैतिक क्रियाकलाप क्षम्य हुँदैन। यसको नियन्त्रण गर्नु प्रहरीको प्राथमिक दायित्व हो। शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्ने बहानामा प्रहरीले पनि होटल व्यवसायीलाई तर्साउने, दुःख दिने, नगद जिन्सी माग्ने कार्य गर्न कसैलाई पनि छुट नभएको उनले बताए। उनले भने- यदि त्यस्तो भएको भए पनि मलाई खवर गर्नुहोस् म प्रहरीलाई नै कारवाही गर्छु।

उनले बिर्तामोडमा सञ्चालित केही होटल तथा लजमा बेश्यावृत्ति र बाल श्रम शोषण हुने गरेको बताए। बालबालिका समेत बेश्यावृत्तिमा प्रयोग गरिएको पाइएको भन्दै उनले भने - रातको समयमा तोकिएको समयभन्दा बढी समय होटल खुल्ला गर्ने, तोकिएको मापदण्ड विपरीत होटल सञ्चालन गर्ने , ग्राहकलाई ठगी गर्ने, ओभर विलिड गर्ने जस्तो पाइएको छ, हामी त्यसलाई समेत नियमन गर्छौं।

कार्यक्रममा उनले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६६ मा बालबालिकालाई बेश्यावृत्ति लगायत यौनजन्य क्रियाकलापमा लगाएमा १५ वर्षसम्म कैद हुने व्यवस्था रहेको भन्दै उनले यसअघि पनि सोही ऐन प्रयोग गरेर केहीलाई मुद्दा चलाएको बताए। डान्सवार, क्यासिनो लगायत मनोरञ्जन स्थलमा बालबालिकालाई प्रवेश गराउने वा प्रयोग गराउने कार्यलाई पनि दण्डनीय व्यवस्था गरेको छ, यदि त्यस्तो छ भने त्यस्तो कार्य तत्काल बन्द गराउन समेत निर्देशन दिए।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ अनुसार कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्दै उनले भने -'कसैले बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन। होटल रेष्टुरेन्ट जोखिमपूर्ण व्यवसायमा पर्ने हुनाले १८ वर्षभन्दा मुनिका वालवालिकालाई होटलमा काम गराउन नमिल्ने व्यवस्था रहेको बताए। कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रुपमा काममा लगाए कारवाही हुन्छ।

कार्यक्रममा बिर्तामोड, अर्जुनधारा, कनकाई नगरपालिकाका होटल व्यवसायीको सहभागिता रहेको थियो।

कार्यक्रममा होटल व्यवसायी संघ झापाका अध्यक्ष भोला उप्रेतीले यौनजन्य क्रियाकलाप नियन्त्रण गर्न होटल व्यवसायी संघको अहम् भूमिका रहने बताएका थिए। उनले भने - जिल्लाको होटल व्यवसायलाई मर्यादित बनाउन सबै होटल व्यवसायी सचेत छौं।

केन्या...

फर्काइएको हो । प्रारम्भिक अनुसन्धान पश्चात अन्तर्राष्ट्रिय आप्रवासी संस्थाका प्रतिनिधिको रोहबरमा उनीहरुका आफन्तलाई शुक्रबार जिम्मा लगाइएको बताइएको छ । यस सम्बन्धमा अन्य थप अनुसन्धान कार्य जारी रहेको उक्त ब्यूरोले जनाएको छ ।

नासु.....

प्रतिशतमा आयोगले सफलता हासिल गरेको छ। आव २०७४/०७५ मा कूल १९४ मुद्दा दायर गरेकामा ६८ प्रतिशत मात्रै सफलता हासिल गरेको थियो।

आयोगमा आव २०७५/०७६ मा २४ हजार ४८ उजुरी परेको थियो। त्यसमा १५ हजार ६११ उजुरीको फछ्यौंट गरिएको छ। यस्तै विस्तृत अनुसन्धान भने ९२१ मा मात्रै गरिएको थियो।

यस्तै आव २०७४/०७५ मा भने कूल १९ हजार ४८८ उजुरी परेकामा १२ हजार ४०० उजुरीको फछ्यौंट गरेको थियो। सो आवमा कूल ५०४ उजुरीको मात्रै विस्तृत अनुसन्धान गरेको आयोगले जनाएको छ।

सेवाग्राही.....

दिए। निगरानीमा खटाइएका कर्मचारीबाट भ्रष्टाचारको सूचना पाइएमा तत्काल नै भ्रष्टाचारमा संलग्नलाई कारवाहीको दायरामा ल्याइएको छ। आयोगले 'सूक्ष्म निगरानी तथा द्रुत कारवाहीसम्बन्धी कार्यविधि, २०७५' तयार गरी सोही आधारमा सेवाग्राही बढी हुने स्थानमा परिचालन गरिएको जनाएको छ।

विशेष गरी नापी, मालपोत कार्यालय, यातायात व्यवस्था विभाग, नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्र, त्रिभुवन विश्वविद्यालय, जिल्ला प्रशासन कार्यालय तथा सेवाग्राहीको बढी उपस्थिति हुने स्थानीय तहमा समेत सेवाग्राहीको भेषमा कर्मचारी परिचालन गरेको छ।

कुक आवश्यकता

कुक : १ जना
वेटर : १ जना
नेपाली खाना/थकाली खाना / इण्डियन खाना बनाउन जान्ने
सम्पर्क : ९८५२६७२३६५
९८४२६९६३३०
०२३-५४१०६१

भूलसुधार

यस दैनिकमा मिति २०७६ श्रावण २ गते प्रकाशित **एक्सेल डेभलपमेन्ट बैंक**को ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी सूचनामा ३५ दिने हुनु पर्नेमा अन्यथा भएकाले यसै अनुसार सच्याइएको जानकारीका लागि अनुरोध छ।

वितरक आवश्यकता

लक्ष्मीपुरदेखि चारपाने हुँदै शनिश्चरे-मदनपुर-सिस्ने-खुदुनावारी-जुकेखाडी वनसम्म पत्रिका वितरण गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला।
तलब: ११,०००।- खर्च कटाएर १० देखि १२ हजार बचाउने।
नोट: आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।
मो. ९८०१४०४०००, ९८१६६४१५७३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)
पूर्वाञ्चलमै सर्वेभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्

स्तरीय कोरियन भाषा
जापनीज भाषा र
कम्प्यूटर कक्षाहरू सञ्चालनमा छन्
प्रो. सुनिल राई
बुद्धिशान्ति इन्फोटेक इन्स्टिच्यूट
बुधवारे तल्लो चोक, गरिमा बैंक अगाडि
सम्पर्क : ५८०३१७२२७७/५८६५३३४२३५

कर्मचारी आवश्यकता
मिति : २०७६।०४।०३
यस जन समृद्धि बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोडका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुकले मिति २०७६।०४।०८ गते बुधवारसम्ममा यस कार्यालयमा सम्पर्क राख्नुहोला।
आवश्यकता : १) कर्जा अधिकृत : १ जना
२) लेखापाल : १ जना
३) रिसेप्सनिष्ट : १ जना
४) बजार प्रतिनिधि : २ जना
नोट : शैक्षिक प्रमाणपत्रसहित उपस्थित उमेदवार नेपाली नागरिक हुनु पर्नेछ।
सम्पर्क : जन समृद्धि बहुउद्देश्यीय सहकारी संस्था
बिर्तामोड पूर्व, नयाँ इलाम स्टेण्ड अगाडि (गाउँले होटलसँगै)
फोन : ९८४२७३३८५६/९८५२६७९२७६

FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB
नि:सन्तान दम्पतिको लागि राम्रो खबर छ
आल्ट्रा माँडर्न टेस्ट ट्यूव बेबी केन्द्र

.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI
सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने।
METROHEIGHT,3RDFLOOR,DONBOSCOMORE,SEVOKEROAD,SILIGURI-734001
PH.0353-2545544,MOB.9800983790,QUERY:8372801570,WWW.FAMILYCLINICSILIGURI.COM
माँ हुनुर को सपना अब सफल हुन्छ।

श्री मोहनमाया माध्यमिक विद्यालय
बिर्तामोड-२ चारपाने, झापा, १ नं. प्रदेश नेपाल
नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना
प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को टेक्स विद्यालय यस श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ चारपाने, झापामा DIPLOMA IN CIVIL ENGINEERING (३ बर्षे) शैक्षिक कार्यक्रमका लागि आवेदन फारम खुल्ला गरिएको सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।
आवेदन फारम पाइने स्थान : श्री मोहनमाया मा. वि. बिर्तामोड-२ चारपाने, झापा
आवेदन फारम बुझाउने अन्तिम मिति : २०७६ श्रावण १२ गतेसम्म
प्रवेश परीक्षा हुने मिति : २०७६ श्रावण २२ गते बुधबार बिहान ७ :०० बजेदेखि
प्रवेश परीक्षा किसिम : लिखित वस्तुगत (विज्ञान, गणित, अंग्रेजी)
प्रवेश परीक्षा केन्द्र : CTEVT बाट पछि प्रकाशन गरिने छ।
आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :
SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धांक पत्र, प्रवेशिका परीक्षाको चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकता वा जन्मदर्ताको १/१ प्रति प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको 35mm×45mm MRP साइजको २ प्रति रंगिन फोटो।
अन्य थप जानकारीका लागि :
श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ चारपाने, झापा
(023-543652 (कार्यालय), 9842704734 , 9803470160, 9842714355 (प्रअ))
साथै यस विद्यालयमा कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा भर्ना हुन इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन जानकारी गराइन्छ।
शेरबहादुर श्रेष्ठ : प्रधानाध्यापक

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता/गजल

अपाङ्ग

सबल छोराछोरी पनि बाङ्गा हुने डर
असुरक्षित जीवन बन्छ कस्को गर्नु भर
आफ्नैसँग जन्मियका कहाँ-कहाँ पुग्छन्
आफ्नो भने आउँछे आमा भन्दै दैलो ढुक्छन् ।

अपाङ्ग हो तिम्रो बच्चा सबले सोध्ने गर्छन्
अलि पर पुगेपछि पापी रैछे भन्छन्
कस्ता-कस्ता कुरा काट्छन् समाजमा सबले
एकपछि अर्को गर्दै व्यथा मात्रै थप्ने ।

देखावटी कठै भन्ने मनमा डर राख्ने
हाम्रा बच्चा नजिक परे दौडिएर भाग्ने
बच्चादेखि बुढासम्म सबै डराइ दिने
अपाङ्ग त छँदैछन् है खोसी के छ लिने ।

आफू हिँड्न सक्या हुन्नन् अरू डराइ दिन्छन्
आत्मा विश्वास पनि यिनले सबै खोसी लिन्छन्
अपाङ्गको अभिभावक बनी हामी हिँड्दा ।

– संगीता थापा (गंगा)

लुटिनेको नाम जनता

श्री ३ हरू हुकुमी भ'का
उनका बंशज सल्बलाई र'का
सुन्दरी चेलीहरू देख्नै नहुने
कलुसित नजरबाट लुकाउनै पर्ने
चाहिने जति पूरापूर लुटेर लिए
आखिर लुटिने त जनता नै थिए !

अब्बल जमिन तिनकै नाममा
शयन गर्थे बेलायती शैलीका महलमा
रैतीले खेपे निर्माण सास्ती
तिनैले गरे मोज मस्ती
चाहिने जति सीधा कब्जामा लिए
आखिर लुटिने त जनता थिए !

शाह ज्यादा उन्मुक्त रमाउँदै रहे
जुन कुरा नि आफ्नै भैँ गरे
भरौटेहरू अधि पछि लागे
देवी र देउता रूपमा सम्मान मागे
त्रास दिएर चाहिने जति लिए
लुटिने आखिर जनता नै थिए !

प्रजातन्त्रधारी सत्ता उदायो
मनपरि गरी सास्ती बढायो
पजेरो, प्राडो उपहार लिए ,

– मोती अनुकूल

यी 'पँडित गर्ने' र यिनको छोरोलाई बुझिए त थुक्क !

हास्य-व्यंग्य

व्यंग्यनारान पाँडे

गौंथलीको बाऊका बाऊको पनि अनुहारको बनावट, रंगरुप, अग्लाई-मोटाइ, हिंडाइ-बोलाइ, खुवाइ-पियाइमा जिब्रो बजाइ, सुताइ-बसाइ, चकचक गराइ-हँसाइ-रिसाइ, आनीबानी व्यहोरा काटीकुटी गौंथलीको बाऊकै जस्तो थियो अरे । गौंथलीको बाऊ र गौंथलीको बाऊका बाऊ सक्कल बमोजिम नक्कल वा फोटोकपी जस्तै थियो भने उनीहरुको इण्डोसकोपी र एक्स-रे फोटो पनि उस्तै हुनपर्छ भन्थे उनीहरु । उस्तै छुल्याहा, उस्तै सिखुल्ले, उस्तै भालूभुत्ते, आफै मात्र जान्ने-बाठो हुने साइँदुवा, आफूभन्दा अरु सबैलाई नजान्ने-बेबकुफ ठान्ने, आफ्नो हुँदो गर्नुभन्दा अरुतिर आँखै नलाउने–आँखा पुगिगए हाइ काडेर आङ तान्ने तर आफूलाई समाजसेवी ठान्ने, बाऊले पढ्दै नपढी आफूलाई पण्डित भनाए जस्तै छोरो भुल्लोभाङ केही नजानी 'सिन्यार' माने अग्रज पत्रकारको रुपमा आफै र आफ्ना विचौलिया-यजमान भिडाएर चिनाउन अनि आफै मख्ख पर्न खप्पिस इत्यादि जस्ता थिए अरे गौंथलीको बाऊका बाऊ पनि । गौंथलीको बाऊका बाऊ पनि पैसा भनेपछि स्याललले कुखुरा-परेवालाई झम्टिन अघिका जस्ता लालची आँखा तिखार्थे अरे गौंथलीको बाऊसंग काटीकुटी मिल्ने गरी । अरु त अरु मान्छेको आलो-गिलो आँचीमा तीन चौथाइ डुबेको चवन्नी देखे भने पनि अरु औंलाले नछोइकन कान्छी औंला र बूढी औंला कैंची पारेर टपक्क टिप्ने र झारमा पुछपाछ, पारी भित्री खल्तीमा घुसार्थे अरे गौंथलीको बाऊका 'पँडित गर्ने' बाऊ पनि गौंथलीको बाऊले जस्तै भन्नेहरुले भन्छन् अरे ।...

गौंथलीको बाऊका बाऊ साउँ-अक्षर भटाभट पढ्नसक्ने भएकाले एउटा एरियाका रुढीबूढी परम्परा अलिकति पनि तलमाथि हुन नदिई मान्ने विशेषगरी अपठित अथवा बाहूखरी पनि पढ्न नसक्नेहरु कहाँ मनग्गे 'पँडित गर्थे' (माने जजमानी गर्थे) अरे । दानमा पाएका गाई-बाच्छी उनी जबरजस्ती बैला राखेर नूनभूस र घाँस-दाना बेस्सरी खुवाई बलियो बनाएपछि मात्र बेच्ने गर्थे अरे । त्यसरी बेच्ता पनि पाल्नका लागि किन्न चाहनेलाई होइन बोर्डरपारिबाट आउने पैकारीलाई बेच्थे अरे । 'पैसाका लागि बेच्नुछ भने जसले बढी पैसा झार्छ उसैलाई त बेच्नुपर्छ त, मैले बैलाका बैलै राखेर टन्न खान्कीले समढन्न मोटाएका गाई-बाच्छीलाई हेरिसकेपछि उनैले भने जति दाम दिन्छन् मुखमा राल् काड्दै, उनै पारिबाट आउने पैकारीलाई बेच्छु म त । यहाँकाहरुलाई सस्तोमा बेचेर घर आउन लागेकी लक्ष्मीलाई चोट पुर्‍याउने पाप गर्दिन पो ।'– उनी यसो भन्ने गर्थे अरे ।

उनले 'पँडित गर्ने' क्षेत्रका बूढापाकाले विभिन्न सिलसिलामा भेटघाट-बातचीन हुँदा मसित गौंथलीको बाऊका बाऊ बारे भनेका कुरा यिनै हुन् केरे । उनै बूढापाकाले भने अनुसार गौंथलीको बाऊका बाऊले 'पँडित गर्ने' क्षेत्र यस प्रकार थिएछ–

झापा जिल्लाको उत्तर-पूर्व सीमास्थित काँकरभिट्टा भन्ने ठाउँबाट पश्चिमतिर गएको हो कि पश्चिमको कञ्चनपुर जिल्ला महेन्द्रनगर शहरबाट काँकरभिट्टा आएर निख्रेको हो– शुरुका साइनबोर्डहरुले महेन्द्र राजमार्ग भने पनि हिजोआज राजमार्ग मात्रै भन्दा पनि चिनिने ठूलो सडकको पूर्वी टुप्पो स्वयम् काँकरभिट्टा र त्यसबाट उत्तरमा उहिले छत्रबहादुरर बस्नेत दाइहरु बस्ने टोल, नरबहादुर बस्ने दाइले प्रधानपञ्च गरिरहनु भएका टाइमको नकलबन्दा बजारबाट क्रमशः पश्चिम दिनेश कानुको चिया बगानको धुरा-झुप्रा टोल, भोगेन्द्र थापा दाइहरुको राइस मिल र फुलचन्द जयसवाल भइयाको पसल हुँदाको इँटाभट्टा हुँदै धुलाबारी पहाडे बजार हुँदाको टाइमको टीनछाने धुलाबारी बजार, नरेन्द्र खनाल दाइका पिता रविरत्न खनालको घर भएको टोल र शेखरनाथ परेरु दाइको गाउँ टोलसम्म । उता फेरि दक्षिणतर्फ सतिघट्टा चिया कमानका धुराधुरे गाउँबाट पश्चिम राजमार्ग किनारै किनार धाइजनमोडको बराबर दक्षिणसम्म । ती बूढाखाडाले मसित भने बमोजिम गौंथलीको बाऊले 'पँडित गरिखाने' एरिया बस् यत्ति नै रहेछ भन्ने जानकारी छ ।

आज बिहानै मकहाँ आएका गौंथलीको बाऊले माथि 'हरेराम हरेकृष्ण–रामराम हरेहरे' छापिएको थोत्रो पहेंलो कुर्ता जीउभन्दा डेढा ठूलो र तल (कम्मरमुनि) बिहारी ब्राण्ड रातो गाम्छा (फुङ उडिसकेको) बाँधेका थिए भने कुर्ताको बाहिर झुण्डाएको इसाई धर्मावलम्बी चिनाउने 'क्रश' गर्धनबाट लट्काएका थिए । अस्ति मडसिरमा युनिभर्सल चर्चकी मालिक्नी हान मुन नाम गरेकी कोरियन आमैले काठमाडौं आएर नजिक पुगेर शिर थापेका प्रधानमंत्री, उपप्रधान मंत्री, मंत्री, सांसद, देशका पाओरफुल-पाओरफुल व्यक्तित्वहरुलाई क्रिश्चियन रक्सीले अभिषेक गरेका बेला गौंथलीको बाऊले पनि उत्ताउलिएर 'मैले धर्म परिवर्तन गरें' भन्दै त्यही 'क्रश' झुण्डाएर बुर्कुसी मारेको मैले देखेको थिएँ । बीचमा थिएन । फेरि आज देखें ।...

माथि भनिएको एरियामा उसबेला उस्तो 'पँडित गर्न' बिजी भएर सोहोरसाहर गर्न खप्पिस गौंथलीको बाऊका बाऊको साख्खै छोरो गौंथलीको बाऊ जस्तो पत्रकार गर्नेहरुको हुद्दामा 'अग्रज'-को पगरी गुँथिहिंड्नेले यो के गर्‍या होलान् भन्ने मनमन सम्झिँदै म बोलें– "दाइको कुर्ता र गाम्छा निकै पुरानो भएछ नि ?"

उनले तुरुन्तको तु भने– "यो मेरा बाको चिनो हो अनि के नपुरानो होस् त । हाम्रो कुलधर्म, समस्कृति र समस्कार चइँ कुन नयाँ हो र ? धन्न मेरा बाले यइ राम र किस्न लेखिया कुर्था र यो गम्छाको कपडामा छोप्पिएर घरखेत जोड्या रछन् । अ-आ-क-ख मात्तै पढेर पँडित पासको कामकर्म गरेर हाम्रो बाले कम पोरपटी जोड्या होइनन् बिचारा ! यो धमर-करमको बिख्नेसमा सिन्सेरली हुँदा के नाफा नहुँदो रछ र ? जान्दा सिरिखण्ड-नजान्दा खुर्पाको बिँड न रछ नि धर्म भन्ने जिनिस ।"

मैले फेरि भनें– "त्यस्ता नपढी विद्वान पण्डित पिताका पुत्र दाइ, अनि फेरि यो क्रिश्चियनको क्रश चाहिँ किन लगाउनु भएको नि हिन्दू देउताको नाम छापिएको बस्त्र बारिह देखाएर ?"

उनले जवाफ फर्काए– "मेरो बाले जे गर्दा कुछ हातलागी हुन्छ तो गर्नु, फैदा भन्या फैदा हो, तो चइँ आफ्नु सम्बिर्दि हो भन्ने आग्याँ-सजेक्सन दिन्थे । अैले यो किस्तानी संग कति पोइसा छ नि । फेरि अैले हाम्रो बउमतको सर्खारले 'धर्मनि' र 'पेच्छता' दोडै मान्दैन त अनि ? यो 'धर्मनि' भन्ने कुराको र 'पेच्छता' भन्ने कुराको कत्रो मत्तो छ हाम्रो गुरुपमा भन्ने तपईंलाई के था ! चानस-चानसमा अलग-अलग डानस देखाउने खुबिलिटी पो चाइँछ त क्या भाइ । मभन्दा जान्ने काइ छैन भन्दै जाँ पनि खिच्याइँ गर्ने खुबिलिटी देखाउन नसके, आफ्ना अगाडिकालाई पछाडि घिसार्ने ट्याउटिस गर्ने जति केइ बाँकी-बेलेन्स नराखी आफू अर्गज हुन लाज नमान्ने नइतिक बुद्दि ख्याउन नसके र आफू लागेको पाटीलाई थाङ्नामा सुताउँदै आर्का पाटीका मान्छेसंग सहकार्रेको सेटिङ खेल्न नजाने एत्रो चइँ खान यो पत्रकार गर्नु त ? यो रामनामे-किस्ननामे कुर्था ला'र चइन्जो यो किस्थानको कुरुस झण्डा'र हिनेसि सहकार्रे गर्‍या पस्ट छारो भो कि भ'न त ? मेरा बा पोइसो लुँड्याउँदा-लुँड्याउँदै मरे भनेसि उनै पँडित गर्नेमा फ्यामोस बाऊको छोरो मैले उइ बाटो हिन्नु कुन क्याति हो त ? म त आफ्फै सेटिङ सहकार्रे गर्छु र टन्न भउन्जेल खान्छु । कमाउने र खाने म आफ्फै गर्छु क्या, आफ्फै गर्छु ।, लाच, घिन, अप्ट्यारो-सप्ट्यारोबड अलग्ग बसेर दाउ मार्‍न्या काम छ । मान्छेको चोलामा आएसि सक्कल-ससेस् एसरी त भइँछ त हओ, एसरी त भइँछ त !"...

उनी मलाई केही नभनी भूँडी छाम्दै शौचालयतिर दगुरे । मैले उनलाई र उनका पँडित बाऊलाई मनमनमा खेलाउँदै बेला-बखत उनैले भन्ने गरे भैँ मनैमनमा भनें– "यिनका कुरा बुझे त थुक्क !"...

कथा



ए सरकार ! बाढीपीडितलाई कट्टु त देऊ

भुवन तामाङ

'ए कान्छी ! म हिँडे है मेलातिर' भन्दै कान्छा हलगोरुको काँधमा जुवा नारेर अनि हलो आफ्नै काँधमा बोकेर बारीतिर लाग्छ । 'पानी परिराछ ओढ्नलाई घुम लानु है' भन्दै कान्छी आफ्ना खसम कान्छालाई सम्झाउँछे । बर्खा लाग्यो पानी पर्‍यो माटो कमलो हुन्छ भनेर कान्छा हौसिँदै खेत जोत्न थाल्छ । कान्छी कुखा, बाखा र घरधन्दामा लाग्छे ।

घाँसको अनिकाल भए पनि छोराछोरीले एकएक भारी घाँस काटेर ल्याउँछन् । नानीहरु घरमा जे पाकेको छ खाएर कापी-किताब च्यापेर दुईघण्टा टाढाको स्कुलतिर पढ्न दौडन्छन् । 'तिमीहरु चाहिँ के ओडर जान्छौ नि भुरा हो ?' भनेर कान्छीले नानीहरुलाई सोध्दा नानीहरु एक-एक वटा मानेको पात ओढेर दगुर्छन् ।

कान्छा जस्तै धेरै पहाडी किसान आफ्ना बारी जोत्दैछन् । उनका नानीहरु जस्तै धेरै नानीहरु बिहानभरि घरको काम भ्याएर घरमा रुखोसुखो जे पाकेको छ खाएर स्कूल दगुर्छन् । कान्छी जस्तै धेरै पहाडी ग्रामीण गृहिणीहरु घरधन्दामा तल्लिन् हुन्छन् र खेतबारीको काम पनि गर्दछन् । ढिलै भए पनि यसपाली बर्खा शुरु भएकाले कान्छा कान्छी जस्तै पहाडी गाउँका सबै किसान परिवारहरु खुशी हुँदै धर्ती उर्बर बनाउने काममा जुट्छन् । मानो खाएर मुरी उब्जाउन उनीहरु पौरख गर्न पहाडका पाखाभरी छरिएका छन् ।

तर, निर्दयी, विवेकहीन मौसमलाई किसानहरुको उत्साह र सपना मञ्जुर छैन सायद । निरन्तर दर्के पानी परेको परेकै गरेर पहाडै बगाएर लान खोज्छ । आखिर भयो पनि यस्तै । पहाडको माथिबाट लेदो पानीसहितको पहिरो आउँछ । कान्छा हलगोरु छाडेर भाग्छ । हेर्दाहेर्दै उसको मलिलो खेत हलगोरुसहित पहिरोले सोहोरेर लग्छ । 'राम राम, राम राम !' कान्छाको मुखबाट यस्तै पुकार निस्कन्छन् । बेपत्तासँग दौडँदै र हामफाल्दै कान्छा घर आइपुग्छ, तर उसले आफ्नो घर हराएको पाउँछ । पहिरोले उसको घर श्रीमती कान्छीसहित तल पहाडको फेदमा पुऱ्याएछ । कान्छी भत्किएको घरभित्रै पुरिएर मरिछे । कान्छा चित्कार गर्छ, तर उसको चित्कार निर्दयी पहिरो र दर्के पानी सँगै मिसिन्छ । उसलाई झट्ट छोराछोरीको याद आउँछ । तर, उसका नानीहरु साँझ अँध्यारो हुन्यालसम्म पनि आइपुग्दैनन् । यसबेलासम्म कान्छाको गाउँमात्र होइन वल्लोपल्लो गाउँ बर्खाको पहिरोले क्षत्विक्षत् पारिसकेको हुन्छ । एउटा बिरानो पहाडमा परिणत हुन्छ उनीहरुको प्यारो गाउँ । कान्छा र कान्छा जस्तै पहाडी किसान परिवारहरुका सबैथोक लुटिइन्छ ।

मानवीय सहयोग गर्न पहाडमा हप्तौं, महिनौसम्म कोही आइपुग्दैनन् । उनीहरुलाई त्यही बिरानो पहाडले भनिरहेछ 'आओ ए किसानहरु हो ! मलाई फेरि खनिखोस्री गर र अन्न फलाओ अनि बाँच दुःख-सुखसँगै ।'

अर्को कथा: नेपालको मध्यपूर्वी तराईका गाउँका किसानहरु साँझको खपिनसक्नु गर्मीमा मच्छरसँग लडाई गर्दै मीठो निद्रा सुन्ते कोशिस गर्छन् । मध्य रातपछि गड्याङगुडुङ आवाजसँगै पानी छिट्याउन थाल्छ । गर्मीले निदाउन नसकेका किसानहरु रमाउँदै चिच्याउँछन्- 'ए दाजु ! ए भाइ ! ए काका ! ए आमा ! लौ बर्खा लाग्यो पानी पर्‍यो । अब खेत जोत्नुपर्छ । धान रोपाइँ गर्नुपर्छ । यसपाली सहकाल आउने रहेछ । हाम्रो खुशीको दिन आउने रहेछ । उठ ! एठ ए ! सबै जना । जाऔं खेतमा ।' भन्दै चिच्याउन थाल्दछन् ।

नभन्दै एक घर अर्को घर । एक टोल अर्को टोल । एक गाउँ अर्को गाउँ, राति नै बर्खाको पानी परेको खुशीयालीमा घर बाहिर निस्कन्छन् । कोही गोरु नार्न थाल्छन् त कोही ट्याक्टर स्टार्ट गर्न थाल्छन् । कोही कोदालो बोकेर बारीतिर दौडन्छन् तर किसानको खुशीयाली निर्दयी र विवेकहीन मौसमलाई मञ्जुर छैन । लामो पर्खाइपछिको बर्खाको पानी त भिषण दर्केपानीमा परिणत हुन्छ । उज्यालो हुँदासम्ममा गाउँका गाऊँ डुबानमा पारिसकेका हुन्छन् । जोतेर धान रोप्नुपर्ने खेतहरु पानीका तलाउमुनि हराउँछन् । बस्तुभाउ, कुखा-बाखा बगेर कहाँ-कहाँ पुगिसकेका हुन्छन् । सीमानामा भारतले बनाएको बाटोरुपी बाँधले खोला नदीका बहाव रोकिएर बाढीको पानी उल्टै उभो फर्कदा तराईका गाउँहरु डुब्दछन् ।

गाउँलेहरु रुँदै कराउँदै अग्ला स्थानमा पुगेर ज्यान जोगाउँछन् । विद्यालयका भवनहरुमा उनीहरु ओत लाग्छन् । साथमा खाने पानीसम्म छैन । पेटभरी खानु त सम्भव हुने कुरै भएन । कतिपय त नाङ्गैभुतुङ्गै अवस्थामा छन् । मानिसहरु निद्रैमा उठेर अँध्यारैमा ज्यान जोगाउन भाग्नुपर्दा कतिपय महिलाहरुको जीउमा पेटनीमात्र छन् । कतिपय पुरुषको जीउमा एउटा लंगौटीमात्र बेरिएको छ । कतिपय बालबालिकाहरुका शरीरमा कट्टु समेत छैन ।

बाढीपीडितहरु सरकार र उद्धारको पर्खाइमा छन् । तीन दिनपछि मन्त्रीहरु सवार एउटा हेलिकोप्टर बाढीपीडितका टाउकामा बर्सुला जस्तै गरेर मडारिएर सुइत्ते उडेर बेपत्ता हुन्छ । हप्तौं बित्दा पनि कुनै मानवीय सहयोग आइपुग्दैन । नेपाल संघीय सरकार, प्रदेश र स्थानीय सरकारको विपद् व्यवस्थापन क्षमता र कलाको हविगत प्रष्टै हुन्छ ।

पानी थामिन्छ । पानीको तलाउमा डुबेर उत्रेका जमिन, खेतबारीहरुले भनिरहेछन् जस्तो लाग्छ किसानहरुलाई, 'आओ किसानहरु हो ! मलाई फेरि खनिखोस्री गर र अन्न फलाओ अनि बाँच दुःख-सुखसँगै ।' यस्तै त हो नेपालको तराई भेगका जनताका कथा पनि । तर, ए सरकार ! जनतालाई लाज ढाक्न बेलैमा एउटा कट्टु त देऊ ।'

लघु कथा

अन्धो बूढो

❒ परशु श्रेष्ठ

छामछाम, छुमछुम गर्दै एउटा बूढो मानिस मेरो अघिल्तिर आइपुग्यो । उमेर त्यस्तै पचास या पचपन्न हुनुपर्छ । उसको हातमा एउटा लौरो थियो, जो उसको एकमात्र बाटो पहिल्याउने सहारा थियो । उसका दुबै आँखा टालिएका थिए । काँधमा एउटा थोत्रो उनी धागोको बुनुवा झोला भिरिराखेको थियो ।

'कता जान खोज्नुभएको बाजे ?' मैले उसलाई सोधें । लठ्ठीको मात्र सहारा लिएर हिँडिरहेको उसलाई बाटो पहिल्याउन गाह्रो भइरहेको बुझ्न मलाई समय लागेन । 'ट्वाइलेट्' झर्किए जस्तो आवाजमा उसको छोटो उत्तर आयो । तर, ऊ विपरीत दिशातिर हिँडिरहेको थियो । बूढोको अवस्था देखेर मेरो मनमा ऊ प्रति सहानुभूति जाग्यो । त्यसैले मैले ऊ समक्ष सहयोगका निम्ति प्रस्ताव अघि सारें– 'त्यता होइन बाजे, ल आउनुहोस् म पुऱ्याइदिन्छु ।'

तर, मैले सोंचे झैं बूढोले हाँसेर मलाई धन्यवाद दिँदै मेरो पछि लागेन । उसले त फेरि टर्रो स्वरमा- 'पर्दैन, पर्दैन' भन्यो । उसको अनुहारको मुद्रा मैले स्पष्ट देख्न सक्ने गरी नराम्रो गरी बिग्रियो । अनि दुबै हातले लठ्ठी उज्याएर मलाई हानी हालुँला झैं गर्दै हपार्यो– 'पर हट्, भाग् ।' म छक्क पर्ँे । छेउछाउका केही मानिसहरु मलाई नै हेरिरहेका रै'छन् । लाज लाग्यो । एकाएक त्यो बूढोप्रति मेरो मनमा पलाएको सहानुभूति घृणामा परिणत भयो । मनमा लाग्यो- 'कस्तो बैगुनी बूढो रै छ ।'

पुनः मनमा लाग्यो– 'विचरालाई यसअघि कसैले झुक्याएको पो थियो कि ? कुनै स्वार्थीले उसको अपाङ्गता र निरीहताको फाइदा उठाएको पो थियो कि ? र, सम्भवतः त्यसैले अहिले ऊ सचेत भएको हुनसक्छ । आँखा देख्नेहरुले त अचेल अरुको अनुहार हेरेर भित्री स्वार्थ अनुमान गर्न सक्दैनन् भने ऊ त दुबै आँखा देख्न नसक्ने बूढो मान्छे ।' पुनः ऊ प्रतिको सहानुभूति मनमा पलायो । तर, उसको स्वाभिमानमा धक्का पारेर फेरि सहयोगका निम्ति प्रस्ताव राख्ने आँट पलाएन । ट्वाइलेट मेरो पसलबाट त्यस्तै पचास मिटर जति टाढा उत्तरतर्फ थियो । बूढो बिस्तारै हातको लठ्ठीले भूइँमा ट्वाक्-ट्वाक्-ट्वाक् हान्दै उतैतिर लाग्यो । त्यति नै बेला पसलमा आएका ग्राहकतिर मेरो ध्यान मोडियो ।

केहीबेर पछि त्यो बूढो मान्छे पुनः मेरो पसल अगाडि देखा पऱ्यो । ऊ अघि झैं लठ्ठीले भूइँमा हान्दै मेरो पसलबाट दक्षिणतिर (ट्वाइलेटको ठीक विपरित दिशा) अघि बढ्दै थियो । 'कति चाँडो ट्वाइलेट पुगेर फर्किएछ' – मनमा लाग्यो । एउटी महिलासित झण्डै ठोक्कियो बूढो । अर्कैतिर हेर्दै हिँडिरहेकी ती महिला पनि एकपटक त नराम्रोसित झस्किइन् । आफ्नो अघिल्तिर अन्धो बूढो मान्छे देखेर सहानुभूतिपूर्वक उनले सोधिन्– 'कता बाजे ?' 'ट्वाइलेट' - बूढोको जवाफ आयो । 'यता होइन, उता पो त ।' बूढोलाई पुनः उत्तरतिर फर्काइदिएर ती महिला आफ्नो बाटो लागिन् । बूढो मान्छे पुनः मेरो पसलछेउमा भूइँ छाम्दै आइपुग्यो । मैले उसलाई सहानुभूतिपूर्वक हेरिरहें, तर फेरि सहयोगको प्रस्ताव राख्न सकिनँ ।

दिव्याले गर्लिन् त डेब्यू ?

नेपाली फिल्ममा 'स्टार किड्स' को प्रवेश दिनप्रतिदिन बढ्दो छ । गत वर्ष फिल्म 'ए मेरो हजुर ३' बाट अभिनेत्री तथा निर्देशक झरना थापाकी छोरी सुहानाले सुखद् डेब्यू गरिन् । भने- फिल्म 'जानी नजानी' बाट पुराना अभिनेता विश्व बस्नेतकी छोरी निरिशाको पनि नेपाली फिल्ममा प्रवेश भएको छ । यस वर्ष पनि केही 'स्टार किड्स'ले नेपाली फिल्ममा डेब्यू गर्ने चर्चा छ ।

साधारण व्यक्तिलाई फिल्ममा प्रवेश गर्न निकै संघर्ष गर्नुपर्छ, चाहे अभिनय जति नै उम्दा किन नहोस् । तर, सेलिब्रेटीका सन्तानलाई फिल्ममा प्रवेश गर्न गाह्रो हुँदैन । अभिनय गर्ने इच्छा व्यक्त गरेको खण्डमा मात्र पनि फिल्ममा सजिलै ब्रेक पाउँछन् । तर, फिल्ममा अवसर पाउनु मात्र ठूलो सफलता होइन । फिल्ममा लामो रेसको घोडा बन्न अभिनय राम्रो हुनुपर्छ । अहिलेका जल्दाबल्दा अभिनेता अनमोल केसी बाहेक अन्य सेलिब्रेटीका सन्तानले नेपाली फिल्ममा खासै राम्रो करिअर बनाउन सकेका छैनन् । प्रायः कहिले फिल्म अफर आउला र सुटिङको खाना खान पाइन्छ भनेर पर्खिएर बसेका छन् । खासगरी यो हविगत अभिनयको दमले नभई माता-पिताको 'नेम र फ्रेम' लाई आफ्नो सफलता मानेर रमाउने 'स्टार किड्स' को छ ।

नेपाली फिल्ममा सेलिब्रेटीका सन्तानहरूको आगमन बढ्दै गर्दा एक समयका निकै चर्चित र व्यस्त अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याको फिल्मी डेब्यूलाई लिएर केही दिनयता फिल्मवृतमा निकै चर्चा भइरहेको छ । हाँस्य कलाकार शिवहरी पौडेलले निर्देशन गर्न लागेको फिल्म 'लक्का जवान' बाट दीलिप आफूले हिँडेको बाटोमा छोरीलाई ल्याउने सोचमा छन् । शिवहरीले दिव्यालाई फिल्ममा लिन आफूले प्रयास गरिरहेको बताएका छन् । अध्ययनका लागि परिवारसँग लामो समयदेखि अमेरिकामा बस्दै आएकी दिव्या पनि फिल्म गर्ने मनस्थितिमा रहेको जानकारी प्राप्त छ । तर, उनले 'लक्का जवान' गर्ने र नगर्ने विषयमा अहिलेसम्म कुनै टुंगो लागेको छैन । दीलिप भने छोरीलाई फिल्ममा डेब्यू गराउन तयार रहेको बुझिएको छ । 'लक्का जवान' का उनी निर्माता समेत हुन् ।

फिल्ममा डेब्यू गर्ने चर्चा चुलिएसँगै दिव्यालाई सामाजिक सञ्जालमा निकै खोजिन थालिएको छ । उनले आफ्नो फेसबुकमा राखेको प्रोफाइल फोटो केही दिनयता सामाजिक सञ्जालमा निकै भाइरल भएको छ । उनको सुन्दरताले धेरैलाई लोभ्याएको छ । आकर्षक फिगर र चार्मिङ लुक्स भएकी दिव्याले हालसालै फेसबुकमा दुई निकै बोल्ड एण्ड ब्यूटिफूल तस्वीर साझेदार गरेकी छन् ।

तस्वीरमा लजाइरहेकी दिव्याको सुन्दरता बोल्ड पहिरनमा निकै खुलेको छ । यो तस्वीरका कारण उनलाई फिल्ममा लिन चाहने मेकर्सको भीड अझ बढ्ने देखिन्छ । दर्शकहरूले पनि उनका तस्वीरहरू सामाजिक सञ्जालमा साझेदार गर्दै फिल्मका डेब्यू गर्न आग्रह गरिरहेका छन् । नेपाली फिल्म क्षेत्र पनि उनको डेब्यूको प्रतिक्षामा छ । दिव्याले 'लक्का जवान' बाट डेब्यू गर्लिन् वा नगर्लिन् ? सर्वाधिक चासो छ यतिबेला ।

पत्रकार प्रणित टप फाइव कोरियोग्राफर

झापा मेचीनगरका प्रणित पुडासैनी प्याजेन्ट नेपाल इन्टरनेश्नलले आयोजना गरेको फेशन मोडल अवार्डमा मौफसलको टप फाइव कोरियोग्राफरका रूपमा छनौट भएका छन् । आगामी श्रावण २३ गते काठमाडौंमा हुने अवार्ड कार्यक्रमको नोमिनेसनमा उनी पर्न सफल भएका हुन् ।

उनले विगत पाँच बर्षदेखि झापामा इभेन्ट म्यानेजमेन्ट, कोरियोग्राफी तथा रयाम्प निर्देशन गर्दै आएका छन् । अवार्ड जित्नका लागि उनले भोटको अपिल गरेका छन् । जसका लागि मोवाइल मार्फत PN 33A टाइप गरी 33001 मा पठाउनुपर्ने हुन्छ । सो फेशन एण्ड मोडल अवार्डको नोमिनेशनमा पूर्व मिस नेपालहरू सुगारीका केसी, माल्भिका शुब्बा, मिस्टर मोडल अफ दि वर्ल्ड दिक्पाल कार्की सहित अन्य चर्चीत व्यक्तिहरूको नाम समावेश छ ।

टप फाइव कोरियोग्राफरमा पर्दै नोमिनेशनमा पर्ने पुडासैनी झापाका पहिलो कोरियोग्राफर हुन् । उनी प्रबन्ध निर्देशक रहेको कम्पनी ड्म्स वर्ल्ड इन्टरटेण्टमेन्ट समेत मौफसलको टप फाइव इभेट म्यानेजमेन्ट कम्पनी बन्दै नोमिनेशनमा परेको छ । पुडासैनी सञ्चारकर्मी समेत हुन । त्यसैगरी इमरजिंग फेशन डिजाइनरका रूपमा झापा बिर्तामोडका विवेश राई समेत नोमिनेशनमा परेका छन् ।

झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,

बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७

काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा	(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५ घर	पहिलो शो ११:४५ The Lion King 3D
दोस्रो शो २:४५ घर	दोस्रो शो २:४५ The Lion King 3D
नाइट शो ७:१५ घर	तेस्रो शो ७:१५ The Lion King 3D



२०७५।१२-१५ देखि अनलाइन बुकिङ्ग खुल्ला गरिएको ।

www.pathivaracineplaza.com

बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।

फोन नं. ०२३-५४६४३६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

राजगढमा चलिरहेछन् यी चलचित्रहरू

नयाँ रिलिज चलचित्रहरू

पहिलो शो १२:०० बजे Appa (नयाँ रिलिज नेपाली)

दोस्रो शो ३:०० बजे Kabir Singh (नयाँ रिलिज हिन्दी)

तेस्रो शो दिउँसो ७:४५ बजे Malaal (नयाँ रिलिज हिन्दी)

एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा

टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-१ कोल्ड स्टोर छेउ फोन . न. ०२३-५४१४६६/९८०६०००३१३

कोरियन भाषा

बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म

कोरियन भाषाका लागि ग्लोबल पिस नै किन ?

- एक दशक कोरियामा बसी उच्च शिक्षा हासिल गर्नुभएको अनुभवी प्रशिक्षक
- पूर्ण AC कक्षाकोठा साथै Projector द्वारा पठनपाठन गराइने
- प्रत्येक हप्ता EPS TOPIK अन्तर्गतका प्रश्नपत्रबाट Test गराइने
- कोरियन भाषा पहिल्यै पढिसकेका विद्यार्थीलाई विशेष कक्षाको व्यवस्था
- समूहमा आउनेलाई विशेष छुटको व्यवस्था
- टाढाबाट आउनेलाई सस्तो र सुविधायुक्त होस्टल/कोठाको व्यवस्था
- विगतका वर्षहरुमा उत्कृष्ट नतिजा ल्याउन सफल
- विद्यार्थीलाई सम्पूर्ण पाठ्य सामग्री उपलब्ध गराइने

GLOBAL PEACE

Int'l Education Academy Pvt.Ltd.

Shanischare Road, Birtamod, Jhapa

Tel : 023-546214 | 9815078744

नेपालीहरुको लागि भरपर्दो सेवा मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली बायाँ साइड

निशान्त - ८३७२०७८४५४/ ८३४८४७३७७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई

पूर्वाञ्चल कै अत्याधुनिक डिजिटल प्रविधि भ्याकुमसिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुर्गन्धरहित सेफ्टीट्यांकी सरसफाई गर्नुपरेमा हामीलाई सम्झनुहोस् । ।



९८४२६५५७००, ९८१५९२८५०० (कुमार)
९८०७९३०७४० (राजेश हिरजङ्ग)
९८१८९१७३१० (साविर)

कर्मचारी आवश्यकता

कुक : १० जना

वेटर : १२ जना (महिला/पुरुष)

क्लिनर : ५ जना (महिला/पुरुष)

साथै घरमा काम गर्ने ७ जना महिला आवश्यक परेको छ । खान/बस्नसहित ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.

अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि,

फोन : ०२३-५४६६८३

मो.: ९८२५९८७९००

घर भाडामा

भद्रपुररोड (Ncell Center Building) को First Floor मा ३८०० स्क्वायर फिट फ्ल्याट र Ground Floor मा ७०० स्क्वायर फिट सटर क्षेत्रफल भएको घर भाडामा छ ।

सम्पर्क : मो. ९८५२६७७५०५

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट, लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ कार्ड बनाउनको लागि हामीलाई सम्झनुहोला

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

आकर्षक जग्गा बिक्रीमा

झापाको धुलाबारीस्थित बासबारी पर्यटकीय क्षेत्र अगाडि व्यापार व्यवसाय गर्न अति उपयुक्त आकर्षक जग्गा बिक्रीमा छ । खरिद गर्न चाहने इच्छुकले सिधै सम्पर्क गर्नहोला ।

सम्पर्क : ०२३-५४५९०६, ९८५२६७३५८४, ९८०४९४६७१४, ९८२४९०२०५९

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा

विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन पिरफार विशेषज्ञ तथा इण्डोस्कोपिष्ट दैनिक सेवा

डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी नशा बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा

डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा

डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा

डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा

डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा

डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU) ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA) NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA) वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट

डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) — वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ (लिभर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ ।) यसपटक २०७६/०३/२८ गते आइतबार आउँदैहुनुहुन्छ ।

डा. मुक्ति आचार्य — MBBS, MD (TU) वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ यस पटक मिति २०७६/०३/०७ सनिबार आउँदै हुनुहुन्छ ।

डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिबार

डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरू

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसिं सेवा
- ५०० ma डिजिटल X-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि ०२३-५४३८०७,५४३८९८,५४००७८ ९८११३३५६२४

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । दिगो योजनाका लागि ऋण लिने समय छ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - फाइदाका पछि लाग्दा धनमाल गुम्न सक्छ । काम रोकिनाले दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्ने छन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ । बाध्यताले अलमल्याउन सक्छ । अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि दोहोऱ्याएर प्रयत्न गर्दा लाभ हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । चिताएको मूल्य प्राप्त नभए पनि पछि फाइदा हुने काम हातलागी हुन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ । धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - कुंभ(बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । मेहनतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - अरूको भरपर्दो प्रभावकारी काम नहुन सक्छ । विशेष योजना सार्वजनिक नगर्नुहोला । दिगो कामको जग बसाउन सकिनेछ ।

हरियो चुरा र पोतेको बिक्री बढ्यो

झापा, साउन ३। प्रदेश नं. १ को राजधानी विराटनगरसहितका साना-ठूला सबै बजारमा यतिखेर पुरै हरियाली भएको छ ।

साउनको आगमनसँगै विराटनगरको बजार होस् वा भित्रीगल्लीका दोकानहरुमा यतिखेर महिला दिदीबहिनीलाई हरियो चुरा, हरियो पोते, पहेँलो पोते, मेहन्दी, हरियो साडीहरु खरीद गर्न भ्याइनभ्याइ भएको छ । विराटनगर गुद्रीमा रहेको रियाज स्टोरका व्यापारी रियाज हकले साउनमा आफ्नो व्यापार राम्रो हुने र सामान बिक्री गर्न भ्याइनभ्याइ रहेको बताउँछन् ।

त्यस्तै, न्यू दिदी श्रृंगार पसलका व्यापारी विपीन सिंह भण्डारी यो महीनामा व्यापार बढ्ने र आम्दानी पनि राम्रो हुने बताउँदै अहिलेको महिलाहरुलाई जडी चुरा, बुटेचुरा र साधा चुरा बढी मन पराउने र आफूले पनि त्यही सामान बिक्री गरिरहेको जानकारी दिए । साउन महिनामा हरियो चुरा र मेहन्दी लगाउने महिलाको संख्या बढ्ने गरेको उनको भनाइ छ ।

पसलमा चुरा किन्न आउने विराटनगर निवासी सुजता खनालले आफ्ना साथीहरुले लगाएको देखेर र साउनमा चुरा र मेहन्दी लगाउन रहर लागेकाले आफू पनि चुरा लगाउन र मेहन्दी किन्न आएको बताउँछन् ।

त्यस्तै विराटनगर निवासी ५० वर्षीया सलिना कोइराला हिन्दू महिलाले साउन महिनालाई विशेष महिनाका रुपमा लिने गरेको र साउन महिनामा हरियो चुरा, हरियो पोते, मेहन्दी र हरियो वस्त्र लगाई शिवजीको पूजा गर्ने सोमबारको व्रत बस्ने श्रीमान्को लामो आयु तथा दीर्घायुको कामना गर्ने गरेको प्रतिक्रिया दिए ।

विराटनगर बजारमा यतिखेर व्यापारीलाई सामान बिक्री गर्न चटारो छ । विवाहित महिला होस् वा अविवाहित महिला कतिले रहरले लगाउने गरेका छन् भने कतिले देखासिकी गरेर हरियो चुरा र मेहन्दी लगाउने चलन नै भइसकेको छ । हरियो रंगलाई समृद्धिको प्रतिक पनि भनिने भएकाले हिन्दू महिलाले श्रीमान्को समृद्धि होस् भनेर खासगरी विवाहित महिलाले हरियो चुरा, पोते, हरियो लुगा र मेहन्दी लगाउने धार्मिक प्रचलन छ ।

साउन महिनामा हरियो चुरा, हरियो पोते, मेहन्दी र हरियो साडीहरु एकले अर्कालाई उपहार पनि दिने चलन रहेको छ भने बजारमा यी सामानहरुको खरिद-बिक्री पनि बढेको पाइएको छ ।

मृत फेला

झापा, साउन ३। सोलुखुम्बुको दूधकुण्ड नगरपालिका-११ मा रहेको लोयर सोलु हाईड्रोपावर कम्पनीका कामदार भारत आछामका ३२ बर्षीय जय देव इन्टि मृत फेला परेका छन् ।

असार २१ गतेदेखि हराई बेपत्ता भएका इन्टिको खोजतलास गर्ने क्रममा मृत फेला परेको प्रहरीले जनाएको छ ।

उनी दाल्दु खोलाको किनारामा मृत फेला परेका थिए । मृतको कानूनी प्रकृया पुरा गरी शव परिक्षणको लागि जिल्ला अस्पताल फाप्लु पठाइएको छ बताइएको छ ।

आठमौजामा राजस्व बढ्यो

गौरीगञ्ज, साउन ३। झापाको आठमौजा छोटी भन्सार कार्यालय गौरीगञ्जले आर्थिक वर्ष २०७५/०७६ मा अघिल्लो बर्षभन्दा तीन गुणाभन्दा बढी राजस्व संकलन गरेको छ ।

भन्सार कार्यालयले आर्थिक बर्ष २०७४/०७५को भन्दा २०७५/०७६ मा तीन गुणाभन्दा बढी राजस्व संकलन गर्न सफल भएको हो । आर्थिक बर्ष २०७४/०७५ मा दुई लाख २६ हजार तीन सय ८० राजस्व संकलन भएकोमा आर्थिक बर्ष २०७५/०७६ मा छ लाख १४ हजार पाँच सय १० रुपैयाँ राजस्व संकलन गरेको छ ।

झापा जिल्लाको पश्चिम दक्षिणमा भारतसँग सीमाना जोडिएको गौरीगञ्ज नाकाबाट सामानहरु आयत निर्यात बढेपछि राजस्व बढ्न गएको हो । आर्थिक बर्ष २०७५/०७६ मा सबैभन्दा बढी मंसीर महिनामा ८४ हजार सात सय ३५ र सबैभन्दा कम बैशाख महिनामा २० हजार छ सय ६६ रुपयाँ उठेको भन्सार कार्यालय गौरीगञ्जले जनाएको छ ।

भारतको सीमावर्ती बिहारबाट नेपालतर्फ व्यापार व्यवसाय गर्न आउने व्यापारीहरु र नेपालका व्यापारीहरुबाट सामान आयात निर्यातमा वृद्धि भएपछि र भन्सारका कर्मचारीहरु सामान आयात निर्यात हुने नाकाबाट भन्सार काट्न थालेपछि राजस्व वृद्धि भएको भन्सार कर्मचारी देवी ढुंगाना बताउँछन् । राजस्व वृद्धिमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा बेसक्याम्प गौरीगञ्जले सीमा क्षेत्रमा सक्रियता बढाई चेकजाँचमा कडाइ गरेपछि राजस्व वृद्धिमा टेवा पुगेको सशस्त्र प्रहरी गौरीगञ्जका इन्चार्ज दीपक खड्का बताउँछन् ।

भारतबाट नेपालतर्फ चिनी, लसुन, प्याज, माछा, कपडा तथा मेसीनरी पार्टपुर्जा लगाएतका सामानहरु आयात हुने गरेको छ । नेपालबाट भारततर्फ पछिल्लो समयमा गोरु निकासी हुने गरेको छ । नेपालबाट भारततर्फ जाने बैरिया र फत्तेपुर दुईवटा नाका भएको तर भन्सार भने एकै स्थानमा रहेकाले अझै पनि सोचे अनुसारको राजस्व संकलन नभएको स्थानीयबासीहरु बताउँछन् । गौरीगञ्ज उद्योग वाणिज्य संघका मखना महतो गैदारले यस क्षेत्रको व्यापार व्यवसाय बढाउन र राजस्व संकलन गर्न छोटी भन्सारलाई स्तरोन्नति गरी मुख्य भन्सार बनाउन आवश्यक रहेको बताउँछन् ।

यस क्षेत्रको दुवै स्थानमा भन्सारका कर्मचारीहरुले भन्सार काट्ने र भारतीय नम्बर प्लेटका गाडीहरु नेपाल प्रवेश गर्दा पटके पूर्जी काट्ने इजाजत हुनेहो भने लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सकिने गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठ बताउँछन् । नेपालबाट भारत बिहारको सीमा क्षेत्रतर्फ जाने सडकहरु कालोपत्र तथा स्तरोन्नति भइरहेकोले यतायातमा थप सहजता भएपछि राजस्व संकलनमा अझै वृद्धि हुने गाउँपालिकाका उपाध्यक्ष दीपेन्द्र थापा बताउँछन् ।

उता आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापाले आर्थिक वर्ष २०७५/०७६ मा कूल रु. दुई अर्ब ६२ करोड २५ लाख २६ हजार राजश्व संकलन गरेको जनाएको छ । सो अवधिमा कार्यालयले रु. दुई अर्ब ६१ करोड ५६ लाख ५२ हजार राजश्व संकलन गर्ने लक्ष्यमा रु. ६८ लाख ७४ हजारभन्दा बढी (१०० दशमलव २६ प्रतिशत) प्रगति हासिल गरेको छ ।

कार्यालय प्रमुख बोलराज आचार्यका अनुसार संकलित राजश्वमा आयकर रु. एक अर्ब १६ करोड ९२ लाख तीन हजार, बहाल कर रु. सात करोड ५८ लाख एक हजार, ब्याजकर रु. चार करोड १९ लाख ५४ हजार, मूल्य अभिवृद्धि कर रु. ९५ करोड १९ लाख ३४ हजार, अन्तःशुल्क रु. ३७ करोड ३४ लाख १५ हजार, स्वास्थ्य सेवा कर रु. एक करोड १६ लाख ६० हजार र शिक्षा सेवा कर रु. ७९ लाख ५८ हजार रहेको प्रमुख आचार्यले बताए ।

त्यस्तै आर्थिक वर्ष २०७५/०७६ मा कूल रु.४७ अर्ब २४ करोड ३४ लाख राजश्व संकलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरले जनाएको छ ।

संघ अन्तर्गत रहेका सो कार्यालयमा अघिल्लो आवमा रु. ४० अर्ब ४० करोड ४० लाख राजश्व संकलन भएको थियो । तुलनात्मकरुपमा अघिल्लो आर्थिक वर्षभन्दा १७ प्रतिशत राजस्व बढी संकलन भएको कार्यालय प्रमुख किशोर बरालले जानकारी दिए । गएको आवमा कूल रु. ३० अर्ब ८४ करोड ७५ लाख वार्षिक बजेटमा रु. २९ अर्ब ४४ करोड २१ लाख निकासा भएको कार्यालयले जनाएको छ । पूँजीगत रु. चार अर्ब ७५ करोड ३० लाख वार्षिक बजेटमा रु तीन अर्ब ५७ करोड ७८ लाख निकासी भएर ७५ प्रतिशत प्रगति हासिल गरेको छ ।

चालू र पूँजीगत गरी कूल रु. ३५ अर्ब ६० करोड पाँच लाखमा रु. ३३ अर्ब एक करोड ९९ लाख निकासी भई ९३ प्रतिशत प्रगति हासिल भएको प्रमुख बरालले जानकारी दिए । उनले भने- 'निकासा भएको बजेटमा रु. १९ अर्ब प्रदेशलाई र रु. छ अर्ब स्थानीय तहलाई भएको छ ।'

मेची भन्सारको राजश्व लक्ष्यभन्दा कम

भद्रपुर, साउन ३। मेची भन्सार कार्यालय झापाले गत आ.व. २०७५/०७६ मा लक्ष्यको तुलनामा १५ प्रतिशतले राजश्व संकलनमा कमी भएको जनाएको छ ।

भारतको कोलकाताबाट आयात हुने कोइला, क्लिङ्कर गत चैतबाट ठप्प भएको र बङ्लादेशबाट आउने जुस समेत राजश्व वृद्धि भएको भन्दै व्यापारीहरूले ल्याउन बन्द गरेपछि राजश्व संकलनमा कमी आएको प्रमुख भन्सार अधिकृत टेकनारायण अर्यालले बताए ।

भन्सारले गत आर्थिक वर्षका लागि रु. ११ अर्ब ८२ करोड ६१ लाख एक हजार राजश्व संकलन हुने लक्ष्य राखेको थियो । उक्त आर्थिक वर्षमा रु. १० अर्ब नौ करोड ९५ लाख ७३ हजारमात्र राजश्व असुली गर्न भन्सार सफल भएको अधिकृत अर्यालले बताए । यो रकम लक्ष्यको तुलनामा १५ प्रतिशत कम हो ।

भन्सारले गत अघिल्लो वर्ष २०७४/०७५ को तुलनामा भने राजश्व तीन दशमलव ६९ प्रतिशतले बढी संकलन गरेको जनाएको छ । कार्यालय प्रमुख अर्यालका अनुसार अघिल्लो वर्षको लक्ष्य नौ अर्ब २० करोड ९१ लाख ४१ हजार रहेको थियो भने रु. नौ अर्ब ७४ करोड तीन लाख ६१ हजार असुली गरेको थियो ।

भन्सार अधिकृत अर्यालले गत वर्षको तुलनामा राजश्व वृद्धि भएको बताउँदै भने- 'पूर्वीनाकाबाट आयात हुने कोइला, पेट्रोलियम पदार्थ, क्लिङ्कर, टायल्स लगायतका सामग्रीमा कमी हुँदा गत आर्थिक वर्षको राजश्व प्रभावित भएको हो ।'

प्राध्यापक कन्दङ्वालाई पत्नीशोक

सुरुङ्गा, साउन ३। कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा कार्यरत उपप्राध्यापक तिलविक्रम कन्दङ्वालाई पत्नीशोक परेको छ ।

कन्दङ्वाकी धर्मपत्नी चन्द्रकुमारी खापुङ (कन्दङ्वा) को ५६ वर्षको उमेरमा मेचीनगर-१२ धाइजनस्थित निजी निवासमा गत असार ३१ गते निधन भएको हो ।

चन्द्रकुमारी विगत चार वर्षदेखि स्तनक्यान्सरबाट पीडित थिइन् । स्व.चन्द्रकुमारीका पति तिलविक्रम, छोराबुहारीहरु मिराक-सृजना, निसाम-इन्द्रकला, छोरी मिमिङ्सा र नातिनी सुक्कुम कन्दङ्वा रहेका छन् ।

जेठो छोरा मिराक ब्रिटिस सेनामा र कान्छा छोरा निसाम वैदेशिक रोजगारमा बहराइनमा रहेका कारण स्व. कन्दङ्वाको बिहीबार मात्र कनकाईघाटमा दाहसंस्कार गरिएको थियो । दश लिम्बू सत्र थुमको रीतिथिति अनुसार ३ गते सामेला र ४ गते शुद्धाइ सम्पन्न गरिने बुझिएको छ ।

इलाम कफीमा पनि उत्कृष्ट

इलाम, साउन ३। इलाम चियाको राजधानी हो । यहाँ मानिस चिया किन्न मात्र नभई चियाबारी क्षेत्र घुम्न पनि आउने गर्छन् । तर, पछिल्लो समय चियाका लागि प्रख्यात मानिने इलाममा कफी खेती पनि हुन थालेको छ ।

किसानले कफीको व्यावसायिक खेती गर्न थालेपछि उत्पादनमा वृद्धि भएको हो । केन्द्रीय तथ्यांक विभागले गरेको एक सर्वेक्षण अनुसार इलाम प्रदेश नं. १ कै उत्कृष्ट कफीखेती हुने जिल्लामा परेको छ ।

सर्वेक्षणका अनुसार प्रदेश नं. १ को १० जिल्लामा पाँच सय ६९ किसानले व्यावसायिक कफी खेती गरेका छन् । त्यसमध्ये इलाममा दुई सय ३६ किसानले व्यावसायिक कफीखेती गरिरहेको केन्द्रीय तथ्याङ्क विभागका निर्देशक बद्रीकुमार कार्कीले जानकारी दिए ।

विभागले ५० बोटभन्दा बढी कफी लगाएर खेती थालेका किसानलाई मात्रै सर्वेक्षणमा समावेश गरेको छ । 'व्यावसायिक कफी खेतीको सर्वेक्षण भएकाले ५० बोटभन्दा कम हुनेको तथ्याङ्क लिइएको छैन' -उनले भने- 'तथ्यांक संकलनको काम वि.सं. २०७४ मा भएकाले त्यसयता खेती थालेका किसान छुटेका छन् ।'

प्रदेश नं. १ को १२० हेक्टर क्षेत्रफलमा कफीखेती भइरहेको छ । त्यसमध्ये इलाममा ४३ हेक्टरमा व्यावसायिकरूपमा खेती गरिएको छ । प्रदेश नं. १ मा एक लाख तीन हजार छ सय ६१ किलो 'फ्रेस चेरी' उत्पादन हुने गरेको छ । इलाममा वार्षिक ४२ हजार छ सय ४९ फ्रेस चेरी उत्पादन हुने गरेको तथ्यांक सार्वजनिक गरिएको छ । इलाममा पछिल्लोपटक कम्पनीमार्फत ठूलो क्षेत्रफलमा कफी लगाउन थालिएको छ । सूर्योदय नगरपालिकामा चार सय रोपनीमा कफी लगाइँदैछ ।

इलाम नगरपालिका, देउमाईको जीतपुर, गजुरमुखी लगायतका ठाउँमा ठूलो क्षेत्रफलमा कफीखेती थालिएको छ । प्रदेश नं. १ को तेह्रथुममा एक सय ६६ किसानले १६ हेक्टर क्षेत्रफलमा कफी खेती गरेका छन् ।

रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१

शुभम् मेडिसिन सेन्टर सुरुङ्गामा
विशेषज्ञ डाक्टर आउने बारेको सूचना

डाक्टर तथा विशेषज्ञ सेवा :

डा. अभिनारायण घिमिरे
वरिष्ठ छाला, कुष्ठ, यौनरोग तथा कुष्ठरोग विशेषज्ञ
प्रत्येक महिनाको तेस्रो र अन्तिम शनिवार दिनको २:३० बजेदेखि
(आज शनिवार दिनको २:३० बजे)

डा. लक्ष्मीनारायण यादव
वरिष्ठ सुगर, प्रेसर, थाइराइड, पेट, छाती, मुटु तथा जण्डिस, सरुवा रोग विशेषज्ञ
प्रत्येक शनिवार १२:३० बजेदेखि

डा. प्रकाशकुमार श्रेष्ठ
हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
प्रत्येक शनिवार दिउँसो ११:०० बजे

डा. राजीव शाह
वरिष्ठ नाक, कान तथा घाँटी रोग विशेषज्ञ
प्रत्येकशनिवार १०:०० बजेदेखि ।

सम्पर्क : शुभम् मेडिसिन सेन्टर
कनकाई-३, सुरुङ्गा बजार झापा रोड लाइन (भगवती सहकारीको अगाडि)
फोन: ०२३-५५०९९५/९८०६०३०००२/९८१४९६८६१०

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८४२६४६००५

२१ दिनमा नै दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

पद	संख्या	तलब AED	तलब NR	खान/बस्न	ओटी	काम	करार
Sales Assisstant	१५ (महिला)	१५००/-	४४,६७०/-	छ/छ	कनिअ	८ घण्टा २६ दिन	२ बर्ष
Waiter/Waitress	१५(महिला/पुरुष)	१५००/-	४४,६७०/-				
Bakery Worker	१५ (पुरुष)	८००/-	२३,८२५/-				
Bike Bider	१० (पुरुष)	१२००/-	३५,७३५/-				
Packing Helper	८० (पुरुष)	८००/-	२३,८२५/-				

नोटः एवर सेन्डाई कम्पनी कतारबाट ८० जना स्काफोल्डरहरुको माग भई आएको छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला । तलब खान/बस्नसहित ८ घण्टाको १२००QR हुनेछ । २/३ घण्टा ओभरटाइम अनिवार्य चल्छ ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२
सम्पर्कः ९८०८०७४५९८, ९८०३०७४४३९

FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET
VISA WITH IN 15 DAYS
UAE मा महिला तथा पुरुषलाई रोजगारीको अवसर
Transguard Group LLC
LT. No: 214650 219864, 220749

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.
1	Security Guard	100	0	1920	५८,८३०
3	Aviation Loader/ Porter	50	0	1025	३०,७५०
4	Aircraft Cleaner/ General Cleaner	50	50	950	२८,९४१
5	Public Area Cleaner	50	0	800	२५,२८५
6	Housekeeper/ Cleaner	50	25	900	२८,४४६
7	Chauffeur Limousine Driver	250	0	2444	७३,९९८
8	Special Handing Agent	50	50	1025	३०,७५०

प्रि-अन्तरवार्ता: घमाघम भईरहेको छ । फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ साउन ०६ गते (22 JULY 2019) बिर्तामोड मा हुदैछ । मोक्ष होटल बिर्तामोड मा हुनेछ ।
नोट: Security Guard को Salary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को DPS को 2270 हुनेछ ।
नोट: Driver को Salary Aed 2,444 भएता पनि ९ घण्टा २६ दिनको Aed 2600 हुनेछ। र Housekeeper हरुको Aed 1200 सम्म हुनेछ।
साथै यसै कार्यलयमा UAE को बहुप्रतिस्ठित कम्पनी AQUA CLEANING बाट १०० जना SCHOOL ClEANER हरुको माग भई आएकाले जान चाहन इच्छुक तुरुन्त सम्पर्क गर्नुहोला । यसको अन्तरवार्ता 21 JULY साउन ०५ गते मोक्ष होटल बिर्तामोडमा हुदैछ ।

मोन्टेज ओभरसिज प्रा. लि.
फोन : ०१-४२८७११९, ९८४१७६८१६६, ९८१५०२४२३९, ९८१७९२०२०६, ९८१२२७२२७४

पेट्रोलियम पदार्थको अवस्था बुझ्दै प्रजिअः झापाको शिवसताक्षी नगरपालिका– ५ मा रहेको शाह आयल सेन्टरमा पेट्रोलियम पदार्थको अवस्था बुझ्दै प्रमुख जिल्ला अधिकारी जनकराज दाहाल र प्रहरी उपरीक्षक दिनेशराज मैनाली । पेट्रोलियम पदार्थको कालोवजारी हुन नदिन पछिल्लो समय प्रजिअ दाहालले जिल्लामा रहेका पेट्रोल पम्पको अनुगमन गर्दै आएका छन् । तस्वीरः पूर्वाञ्चल

लक्ष्मीको स्थापना दिवसमा सम्मान

बिर्तामोड, साउन ३। औपचारिक कार्यक्रम गर्दा सामान्यतया अध्यक्ष, प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथिहरु राखिन्छ । तर, शुक्रबार बिर्तामोडमा भने कार्यक्रमका लागि न सभापति न प्रमुख अतिथि न त अन्य अतिथि नै राखियो ।

आएका सबै आगन्तुकलाई एकमुष्ट अतिथिको रुपमा सम्बोधन गर्दै लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोडले आफ्नो २४औं स्थापना दिवस मनाएको छ । भिन्न ढंगले स्थापना दिवस मनाएको सहकारीले संस्थाका संस्थापक छ जना सदस्यलाई जनही पाँच हजारका दरले सामाजिक सुरक्षा भत्ता स्वरुप रकम प्रदान गर्दै सम्मान गऱ्यो ।

कार्यक्रममा सम्मानितलाई न प्रमुख अतिथिले सम्मान गरे न त अन्य अतिथिले नै । संस्थाका अध्यक्ष लीलावहादुर बस्नेतले संस्थापक अध्यक्ष दिनेश मल्ललाई सम्मान गरे सँगै मल्लले अन्य सदस्यलाई सम्मान गरेका थिए । फरक ढंगले मनाइएको कार्यक्रममा संस्थाको औचित्यमाथि न प्रकाश नै पारियो न त आगन्तुक अतिथिलाई स्वागत नै गरियो ।

औपचारिक कार्यक्रम कै रुप दिए पनि सहकारीले सबैलाई एकमुष्ट अतिथि राखेर कार्यक्रम गरेको देख्दा निक्कै अनौठो भने आभाष हुन्थ्यो । तर, सहकारीको विषयमा संस्थापक सचिव डा. रुपकप्रसाद खनालले जानकारी गराएका थिए । २४ वर्षअघि साउन ३ गते बुधबारका दिन संस्था स्थापना भएको र कठिन अवस्था पार गर्दै अहिलेको अवस्थासम्म सहकारी आइपुगेको उनले बताए । संस्था नाफामा भन्दा सेवामा बढी केन्द्रीत रहेको बताउँदै संस्थापक अध्यक्ष मल्लले अन्य सहकारीको जस्तो नाफाको दौडमा लक्ष्मी बहुउद्देश्यीय नदगुरेको प्रष्ट्याए ।

स्थापना कालदेखि नै सक्रिय सहभागिता जनाउँदै सहकारीलाई यो अवस्थासम्म ल्याएको भन्दै संस्थाका तीर्थराज मिश्र, चन्द्रकुमार राजभण्डारी, सुशीला राजभण्डारी, दिनेश मल्ल, नरदेवी मल्ल र डिकबहादुर बस्नेतलाई सम्मान गरिएको थियो ।

७० वर्षमाथिका उनीहरुलाई सम्मान गरिए पनि १५ वर्षदेखि निरन्तर सहकारीमा आवद्ध सबै ज्येष्ठ सहकारीका सदस्यलाई सामाजिक भत्ता स्वरुप पाँच-पाँच हजार रुपैयाँसहित सम्मान गर्ने निर्णय गरेको कार्यक्रममा जानकारी दिइयो । कार्यक्रममा संस्थाका शेयर सदस्य शेखर ढकाल, नारायणकुमार श्रेष्ठ, सन्देश मल्ल लगायतको आतिथ्य रहेको थियो ।

स्व.कमलादेवीको शालिक अनावरण

दुर्गापुर, साउन ३। बिर्तामोड नगरपालिका-१ सिरिजंगा चौकस्थित किरात याक्थुङ चुम्लुङ जिल्ला शाखा कार्यालयको परिसरमा निर्मित स्व.कमलादेवी आङबोहाङको शालिक अनावरण गरिएको छ ।

किरात याक्थुङ चुम्लुङ जिल्ला शाखा झापाको आयोजनमा सम्पन्न गरिएको स्व. कमलादेवी आङबोहाङको दोस्रो पूण्य स्मृति दिवसको अवसरमा सो अनावरण गरिएको हो ।

स्व.कमलादेवी आङबोहाङ र उनका श्रीमान् स्व.नरेन्द्र आङबोहाङले एक कट्ठा दुई धुर जग्गामा दश लाख पाँच हजार बराबरको एउटा सभाहल सहित चारकोठे पक्की भवन निर्माण गरी वि.सं.२०५९ मंसीर ६ किरात याक्थुङ चुम्लुङ जिल्ला शाखा झापालाई हस्तान्तरण गरेका थिए ।

कि.या.चु. जिल्ला शाखा झापाले स्व. नरेन्द्र आङबोहाङ हरेक वर्ष पुस ६ गने पूण्य स्मृति दिवस मनाउँदै आएकोमा यस वर्षदेखि हरेक वर्ष साउन २ गते स्व.कमलादेवी आङबोहाङको पनि स्मृति दिवस मनाउँदै जाने बताइएको छ ।

अध्यक्ष भक्त खेवाङको अध्यक्षता तथा केन्द्रीय सदस्य पूवबहादुर हाङस्रोङको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको अवसरमा राष्ट्रिय चुम्लुङ सदस्य शिवकुमार मेयाङवो, हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन, जग्गा भवन दाताको छोरा ज्ञानेन्द्र आङबोहाङ, कि.या.चु. भद्रपुर नगर शाखाकी अध्यक्ष सर्मिला आङद्रेम्बे, कि.या.चु. शिवसताक्षी नगर शाखाका अध्यक्ष वीरबल जबेगु, पूर्व जिल्ला सदस्य भवानी सेलीङ लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सह-सचिव कविन्द्र शेर्माले गरेका थिए ।

युवतीसँगै सुतेका युवा झुण्डिए

झापा, साउन ३। दाङको तुलसीपुरस्थित मानसरोवर होटेलमा कोहलपुरका एक युवक मृत अवस्थामा फेला परेका छन् ।

बाँकेको कोहलपुर निवासी अन्दाजी २७ वर्षीय रमेश हमाल होटेको कोठामा झुण्डिएर आत्महत्या गरेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । हमाल एक युवतीसँगै राति १० बजेतिर होटेलमा बास बस्न भनी आएको होटल सञ्चालकले जानकारी दिएका छन् । हमाल सँगै होटेलमा रुकुमकी एक युवती पनि पुगेको प्रहरीले जानकारी दिएको छ । युवतीलाई ईलाका प्रहरी कार्यालय तुलसीपुरले नियन्त्रणमा लिएको छ ।

प्रहरी स्रोतका अनुसार ती युवती दलित समुदायकी हुन् । उनले यो भन्दा अगाडि मृतक हमालसँग डिभोर्स गर्ने शर्तमा पाँच लाख रुपैयाँ लगेको भन्ने खुल्न आएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएसपी प्रेमबहादुर शाहीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ ।

तनाव व्यवस्थापनको तालिम

झापा, साउन ३। मेचीनगरमा जारी जेसीज सप्ताह अन्तर्गत शुक्रबार तनाव व्यवस्थापनका विषयमा तालिम सम्पन्न भएको छ ।

मेचीनगर लेडी जेसीजले यो वर्ष जेसीज सप्ताहलाई तालिम सप्ताहका रुपमा विभिन्न विषयमा सात दिवसीय तालिम आयोजना गरेको छ । वर्ष २०१९ लाई नेपाल जेसीजमा रहेका एक सय ५० वटै शाखाहरुमा तालिममय बनाउने योजना छ ।

मेची उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय प्रशिक्षक राजबाबु साहले समयमै तनाव व्यवस्थापन गर्न नसके मानिसले अनेक समस्या व्यहोर्नुपर्ने बताए ।

उनले दैनिक जीवनलाई अझै उत्पादनशील क्षेत्रमा लगाउन हरेक मानिस तनाव मुक्त हुनुपर्ने र तनाव व्यवस्थापनतर्फ लाग्नुपर्नेमा जोड दिए । दैनिक जीवनमा प्रशंसा र कृतज्ञता प्रकट गर्न सकेमात्र तनावलाई केही हदसम्म व्यवस्थापन गर्न सकिने साहले सहभागी प्रशिक्षार्थीहरुलाई जानकारी दिए । यी दुईवटा कुरालाई सकरात्मकरुपमा लिने हो भने मात्र जीवनमा परिवर्तन आउने साहको भनाई छ ।

तनावले जहिले पनि हरेक मानिसलाई सताइरहेको हुन्छ, यसबाट मानिस मुक्त हुन चाहन्छ । तर, यसको व्यवस्थापनमा ध्यान दिन नसक्दा हरेक प्रकारका रोगको शिकार हुने उनको भनाई थियो । मानिस जुनसुकै क्षेत्रमा भए पनि कुनै न कुनै कुराको तनाव हुने भन्दै उनले अब तनावलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा परिवर्तन गर्न आवश्यक रहेको बताए ।

संस्थाकी अध्यक्ष मञ्जु भण्डारी खनालको सभापतित्वमा भएको कार्यक्रममा अधिकांश वक्ताहरुले मानिसले तनावलाई सही रुपमा व्यवस्थापन गर्न सके र बुझे मात्र धेरै रोगबाट मुक्ति पाउने विश्वास व्यक्त गरेका थिए । अहिले धेरै मानिसहरु तनावकाबीच दैनिक कार्यमा तल्लिन भएको बताउँदै उनीहरुले तनावलाई व्यवस्थापन गर्न सकेमात्र धेरै कुराबाट पार पाउने बताए । सहभागीहरुले यस्ता तालिमले युवाको व्यक्तित्व र नेतृत्व विकासमा टेवा पुर्याउने भन्दै यो अवसरको भरपुर उपयोग गर्न सहभागीलाई आग्रह गरेका थिए ।

कार्यक्रममा नेपाल जेसीज क्षेत्र 'ए' का तालिम संयोजक कविता शर्मा, धुलाबारी जेसीजका अध्यक्ष केशव पोखरेल, मेचीनगर नगरपालिकाका कार्यपालिका सदस्य कृष्ण कनाल मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषिराज तिम्सिना लगायतले बोलेका थिए । देशभरका सबै शाखालाई जेसीज सप्ताहलाई तालिममय बनाएर युवाको व्यक्तित्व र नेतृत्व विकासमा टेवा पुर्याउने लक्ष्य लिएको नेपाल जेसीजका तालिम आयुक्त एकराज गिरीले बताए । संस्थाकी महासचिव गीता ओझाले सञ्चालन गरेको उद्घाटन सत्रमा सदस्य उर्मिला पौडेलले आस्था वाचन गरेकी थिइन् ।

कार्यक्रममा बाहुनडाँगी, भद्रपुर, अर्जुनधारा, भद्रपुर, वीरता, चारआली जेसीजका पदाधिकारीहरुको सहभागिता रहेको थियो । यसअघि मेचीनगर लेडी जेसीजले नेतृत्व विकास र माइन्युट लेखन तालिम सम्पन्न गररेको छ । अब संसदीय बैठक प्रणलीका विषयमा लक्ष्मी राईले, दिगो विकासको लक्ष्य तथा नेतृत्व विकासका विषयमा विजय तिम्सिनाले, उत्प्रेरणाका विषयमा जय तिम्सिनाले र भाषणकलाका विषयमा शोभा श्रेष्ठले सहजीकरण गर्ने निवर्तमान अध्यक्ष सुनिता उप्रेतीले जानकारी दिइन् ।

झापा घर बताउने बालक इटहरीमा अलपत्र

झापा, साउन ३। झापा घर बताउने एक बालक इटहरीमा अलपत्र अवस्थामा फेला परेका छन् ।

छ दिनअघि इटहरीमा अलपत्रा अवस्थामा फेला परेका वालकलाई समाजसेवी कृष्ण शाहले इटहरीमा रहेको माया घरमा राखेका छन् । माया घर हिंसापीडित बालबालिकाका लागि खोलिएको समाजिक संस्था हो ।

शाहका अनुसार अन्दाजी १०/१२ वर्षीय बालकलाई यात्रुबाहक बसले इटहरीमा छाडेको हो । पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको रतुवामाई वृक्षरोपण आयोजना नजिकैबाट उनी बस चढेको बताइएको छ ।

अभिमुखीकरण तालिम

बिर्तामोड, साउन ३। नगरपालिकाको आयोजनामा टोल विकास समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

बिर्तामोड नगरपालिकाद्वारा गठित वडा नं. १ का टोल विकास समितिका पदाधिकारीहरुलाई नगरपालिकाका तर्फबाट तालिम प्रदान गरिएको वडा नं. १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले जानकारी दिए ।

वडाध्यक्ष पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. १ का ३५ वटा टोल विकास समिति मध्ये पहिलो दिन १७ वटा समितिका पदाधिकारीहरु सहभागी रहेका थिए ।

तालिममा नगरपालिकाका प्रशासन प्रमुख देवराज कार्की, योजना अधिकृत जय तिम्सिना र लेखा प्रमुख यादव अधिकारीले टोल विकास समिति सञ्चालन सम्बन्धी नीति, कार्यक्रम र प्रणालीका बारेमा प्रकाश पारेका थिए ।

सो कार्यक्रमको उद्घाटनका अबसरमा वडा सदस्यहरु प्रेम खरेल, टीका संग्रौला र वडा सचिव टीका अधिकारीले मन्तव्य राखेका थिए । क्रमशः यसप्रकारका अभिमुखीकरण नगरभरीमा सम्पूर्ण टोल विकास समितिका पदाधिकारीहरुलाई प्रदान गरिने जनाइएको छ ।

पर्यटकीयस्थल बन्दै कैदले

मेची अञ्चलकै प्रमुख व्यापारिक थलो बिर्तामोडदेखि पश्चिम उत्तर, पूर्वकै पशुपतिनाथ भनेर चिनिने अर्जुनधारा जलेश्वर धामदेखि पश्चिम, सावित्र खुदुनाबारी बजारदेखि दक्षिण हाल अर्जुनधारा नगरपालिका वडा नं. ३ अन्तर्गत रहेको जुकेखाडी सामुदायिक वन झापाकै राम्रो सुन्दर र हरियाली वन मध्येको एक भनेर चिनिन्छ ।

यो वन क्षेत्रको संरक्षण तथा सदुपयोग जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहले २०५२ सालदेखि गर्दै आएको हो । दक्षिणी इलामको माई नगरपालिका र सावित्र खुदुनाबारी-६ का उपभोक्ताहरूको साझा संस्था सुखानी सामुदायिक वनसँग सीमा जोडिएको साथै पूर्ववर्ती मेची राजमार्गको प्रमुख द्वार यसै क्षेत्रमा पर्दछ ।

नेपालको वाम/प्रजातान्त्रिक आन्दोलनका अगुवाहरूले सहादत प्राप्त गरेको ऐतिहासिकस्थल सुखानी समेत रहेको यस वनक्षेत्रमा पर्दछ । थाकल, बेहुली आँप, चिउरी लगायत कैयौं वनजन्य फलफूलहरू मलायागिरी जस्ता वास्नादार अनेकौं वनस्पतिहरू रहेको यस वन क्षेत्रभित्र रमिते चुली, हात्तीआहाल जस्ता अनेकौं रमिता हेरेर आनन्द लिन लायक ठाउँहरू छन् । अझै विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विचरण गर्ने टाङटिङ खोला पश्चिम रहेको प्राकृतिक सुन्दरताले भरिपूर्ण सीमसार क्षेत्र छ । जहाँ बाह्रैमास अनवरत रूपमा बगिरहने ठूलो पानीको स्रोत रहेको देख्न पाइन्छ ।

यसका अतिरिक्त पश्चिमतर्फ मानवबस्तीबीच रहेको कैदले वन, परापूर्व कालदेखि विशिष्ट प्राकृतिक विविधताको अनुपम उदाहरणका रूपमा रहेको पाइन्छ । करिब ७० हेक्टर क्षेत्रफलमा फैलिएको यो वनक्षेत्र जुकेखाडी सामुदायिक वन उपभोक्ता समितिको खण्ड-५ अन्तर्गत पर्दछ । चारैतिर मानवबस्तीले घेरिएको विभिन्न प्रजातिका रुख बिरुवा, चराचुरुङ्गीहरू पाइने यस वन क्षेत्रमा कैदल प्रजातिका (लोपोन्मुख) वनस्पतिको नामबाट यो वन तथा वनभन्दा पूर्वपट्टीको गाउँको नाम कैदले रहेको जानकारहरूको भनाइ रहेको छ ।

उक्त वनक्षेत्रमा २०४९ सालदेखि २०६९ सालसम्म भुटानी शरणार्थी समुदाय रहेकाले यसको महत्व अझै बढेर गएको मानिन्छ । शरणार्थी समुदायले आर्जन गरेको ज्ञान र सीप अपनाएका नीति र संस्कृति साथै स्थानीय बासिन्दाहरूसँग गाँसेको पिरती हाम्रा निम्ति अमूल्य अभौतिक सम्पदा हुन् । उनीहरूका लागि युएन्.एच्.सि.आर्. लगायत विभिन्न दातृनिकायले निर्माण गरेका भौतिक संरचनाहरूमध्ये शनिश्चरे, खुदुनाबारी ग्राभेल सडक, टाङटिङ विरीडमा निर्मित कजवे, प्रभावित क्षेत्रमा स्कुल भवन, चर्पी, खानेपानी लगायतका संरचनाहरुको पृथक र प्रभावकारी महत्व रहेको छ ।

खुदुनाबारीको बजार, व्यापार तथा व्यवसायको विकासमा शरणार्थी समुदायको भूमिकालाई कम महत्व दिन मिल्दैन । उनीहरूको स्थानान्तरण एवम् अन्य मुलुकतिर बहिर्गमनपछि खाली भएको यो वनक्षेत्र विकासका साथसाथै वातावरण तथा पर्यावरणीय सन्तुलन कायम गर्नु सरोकारवाला निकाय समुदाय र संस्थाको निम्ति चुनौतिको विषय भएको छ ।

तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल दैनिक

प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत बिर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।

केन्द्रीय कार्यालय बिर्तामोड–१, अतिथिसदन छेउ (समाचार शाखा: ०२३–५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३–५४००४४) व्यवस्थापक: ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे–अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकी: राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारी: सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुर: पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा–डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गा: तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३–४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमक: डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारी: आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादह: विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखा: उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङ: दिलीप खत्री (९७४३००१४७७) उदयपुर: गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर–चन्द्रगढी–पृथ्वीनगर: पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्याम: खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल – यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम – ९८४२७४४७५६, इलाम नगरपालिका: विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७–५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१–६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५–५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङ: बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङ: मानिक कुन्डु (+९१९८००३८००८६), रौंके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमी: युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगर: चन्दन राय (९८१२३२६९२८)